मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १३८ | २०७९ साल चैत १६ गते बिहिबार | Thursday 30, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# आमनागरिकको भेषमा मुख्यमन्त्रीको अस्पताल यात्रा



एस.के. कर्ण
जनकपुरधाम, १५ चैत ।

*मितिः २०७९ चैत १४ गते मंगलबार*
*समयः राति ११ बजे*
*स्थानः प्रादेशिक अस्पताल जनकपुरधाम*
*पात्रः ?*

एक फरक पात्रको अस्पतालमा प्रवेश । झट्ट हेर्दा कुनै गाउँबाट आएका र बिरामीका आफन्तजस्ता । र, लाग्छ आज राति यिनी तिनै बिरामी कुर्न बसेका हुन् । आममानिसको हुलिया । सामान्य सेतो रंगको भेष्ट । पाइजामा । काँधमा गम्छा । ता कि कसैले शंका गरे हुलिया छोप्न पनि काम लाग्ने बढ्दै गरेको गर्मीमा पसिना पुछ्न पनि हुने, राति जाडो भए ओढ्न पनि मिल्ने ।

मधेशको राजधानी जनकपुर मस्त निदाउँदै गर्दा प्रादेशिक अस्पतालमा औसत 'मधेशी हुलिया' बोकेर एक्लै पुग्ने यी पात्र अरु कोही नभएर मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव हुन् ।

## किन मुख्यमन्त्रीले गरे आकस्मिक छड्के

मुख्यमन्त्री यादवले भने, 'राति खाना खाएर सुत्ने तर्खरमा थिएँ, कसैले जानकारी गरायो कि प्रादेशिक अस्पतालबाट मोटरसाइकल चोरी भएको छ, र झट्ट आफैँले विगतमा देखेको कुरा स्मरण भयो ।' उनले भने, 'थाहा पाउनेबितिकै निवासबाट निस्कैं, फेरि सोचैं, मुख्यमन्त्रीको हुलियामा त्यहाँ गए वास्तविकता पत्ता लाग्दैन । सबै स्वास्थ्यकर्मी र कर्मचारी बिरामीलाई सेवा दिन छाडेर मेरै स्वागतमा लाग्छन् । त्यही सोचेर एक सुरक्षाकर्मी सिभिल ड्रेसमा र दुईजना सहयोगी लिएर फरक हुलियामा अस्पताल पुगैं ।'

'अस्पताल पुग्दा त्यहाँको वास्तविकता पनि थाहा पाएँ, अस्पतालमा के कस्ता लापरवाही भइरहेको छ, चोरी भएको मोटरसाइकलबारे सिसिटीभी देखाउन भन्दा त्यो बिग्रेको पाइयो,' उनले भने, 'दुई वर्षदेखि अहिलेसम्म त्यहाँको सिसिटीभी बनेको छैन ।' राति नै धनुषाका प्रहरी उपरीक्षकलाई चोरी भएको मोटरसाइकल खोजी तिव्र पार्न र घटनामा संलग्न वा लापरवाही गर्ने सुरक्षाकर्मीलाई अनुसन्धान गरी कानुनी दायरामा ल्याउन उनले निर्देशन दिए । अस्पताल प्रशासक र सुरक्षाकर्मी दुवै निकायलाई तत्काल सिसिटीभी व्यवस्था गर्न भने ।

मुख्यमन्त्री यादव प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको लापरवाहीको दिक्कलाग्दो अवस्था आफैँ अनुभूत गर्न नयाँ हुलिया बनाएर राति अस्पताल छिरेका हुन् ।

नछिरुन् पनि कसरी ? अस्पतालमा के हुँदैछ भनेर जान परे सुरक्षा निकाय परिचालन हुन्छ । अस्पतालका कर्मचारी चारचौरास पुगेका भए पनि मुख्यमन्त्री आउने भनेपछि दौडिएर स्वागत गर्न तनक्क परेर बसेका हुन्छन् । अस्पताल विकास समितिका पदाधिकारी आउँछन् । अलिअलि पार्टीका कार्यकर्ता पनि हुने नै भए । तामझाम नै अर्को हुन्छ, सर्वसाधारण चैं भित्र बेडमा डाक्टरको मुख देख्न नपाएर छट्पटाइरहेका हुन्छन् । त्यसैले मुख्यमन्त्रीले लगाए नयाँ उपाय र छिरे अस्पताल ।

मधेश स्वास्थ्य विज्ञानअन्तर्गतको प्रादेशिक अस्पतालमा ल्याब रिपोर्ट गलत दिने, डाक्टर र स्वास्थ्यकर्मी ड्युटीमा नआउने, नबस्ने अनि सुरक्षा व्यवस्था अव्यस्थित रहेको पटकपटकको गुनासोपछि मुख्यमन्त्री यादव फरक भेषमा अस्पताल पुगे ।

'सस्तो लोकप्रियताका लागि त होइन ?' मधेशदृष्टिको जिज्ञासामा उनले भने, ' जानकारी गराएर त्यहाँ जाँदा सबै कुरा चिटिक्क पारिन्थ्यो, डाक्टर, स्वास्थ्यकर्मीसहितका कर्मचारी ड्युटी छाडेर स्वागतका

- *बाँकी पृष्ठ ६ मा*

# वन क्षेत्रमा भइरहेको अनियमितता छानबिन गर्न माग



मधेशदृष्टि
जनकपुरधाम, १५ चैत ।

चुरे तथा वनजंगल संरक्षण अभियानसँग मधेश सरकारले गरेको सम्झौता कार्यान्वयन नभएको भन्दै सरकारलाई गम्भीर बनाउन अभियानले उद्दयोग पर्यटन तथा वन राज्यमन्त्री रहवर अन्सारीलाई ज्ञापनपत्र बुझाएको छ ।बुधबार अभियानका राष्ट्रिय संयोजक सुनिलकुमार यादवले राज्यमन्त्री रहवर अन्सारीलाई ज्ञापनपत्र बुझाउदै सम्झौता कार्यान्वयमा गम्भीरताका साथै वनक्षेत्रमा भइरहेको व्यापक अनियमितता छानबिन गरी दोषीमाथि कारवाही गर्न माग गरेका छन् ।

अभियानले मन्त्री अन्सारीलाई बुझाएको ज्ञापनपत्रमा २०७८ भदौ ४ गते अभियानसँग गरेको सम्झौता कार्यान्वयन गर्दा भ्रष्टाचार सम्बन्धमा मधेश प्रदेश वन निर्देशनालय प्रमुख जगरनाथ प्रसाद जयसवालको विभिन्न दबाब, लोभलालच र प्रलोभनमा तयार गरिएको प्रतिवेदन अभियानले नमानेको र यसको पुनः उच्चस्तरीय छानबिनको माग गरिएको छ । डिभिजन वन कार्यालय पर्सामा आर्थिक वर्ष २०७७/७८ मा सखुवा पर्सौनी गाँउपालिका वडा नम्बर १ सखुअनिया टोलमा अतिक्रमण हटाई ६० हेक्टरमा तारबारसहित वृक्षारोपण भएको र त्यसपछि गोडमेलको नाउँमा लाखौं रुपैया निकासी र हेरालु पनि राखिएको तर डिएफओ सुभाष चन्द्र दासको मिलोमतोमा सोही क्षेत्र र वनको अन्य क्षेत्रमा घर निर्माण गरिएकाले दासलाई तत्काल प्रदेशमा झिकाइ छानबिन गर्न ज्ञापनपत्रमा माग गरिएको छ ।

ज्ञापनपत्रमा विभिन्न अनियमितता भएका प्रमाण र ठाउँ छानबिन समिति गठन भएपछि छानबिन समितिलाई उपलब्ध गराइने र जानकारी दिइने उल्लेख छ ।

ज्ञापनपत्र बुझ्दै राज्यमन्त्री अन्सारीले वन क्षेत्रमा भइरहेको अनियमितताबारे आफू गम्भीर रहेको र छिट्टै यस विषयमा खोजबिन गरी दोषीलाई कारवाहीको दायरामा ल्याइने प्रतिवद्धता जनाए ।

चुरे तथा वनजंगल संरक्षण अभियान विभिन्न पाँचबुंदे मागसहित एक महिना भन्दा बढी समयदेखि जनकपुरधामको जनकचोकमा धर्नामा छ ।

# रामनवमीको आज सार्वजनिक विदा

*भगवान श्रीरामले देखाएको पथमा हिड्न सकौं : मुख्यमन्त्री यादव*



मधेशदृष्टि
जनकपुरधाम, १५ चैत ।

मधेश सरकारले भगवान श्रीरामचन्द्रको जन्मोत्सव रामनवमीको अवसरमा विहीबार सार्वजनिक विदा दिएको छ ।

प्रदेश राजपत्रमा उल्लेखित विहीबार सार्वजनिक विदा दिइएको हो । हिन्दू धर्मावलम्बीका मर्यादा पुरुषोत्तम भगवान रामको जन्मोत्सवको अवसरमा मनाइने रामनवमीको अवसरमा मधेश सरकारले प्रदेशका ८ जिल्लामा सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।

मधेश प्रदेशको राजधानी जनकपुरधामसहित तराई मधेशमा रामनवमी धुमधामका साथ मनाइन्छ । विहीबार सरकारी कार्यालय बन्द रहने छन् ।

यसैबीच मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशवासीमा रामनवमी महोत्सवको अवसरमा शुभकामना व्यक्त गरेका छन् । उनले एक शुभकामना पत्र जारी गर्दै यो संसारमा लोकहितका निम्ति अवतरित मर्यादा पुरुषोत्तम भगवान श्रीरामको पावन चरित्र स्मरण गर्ने दिन । यो दिनले हामीलाई त्याग, शील, मर्यादा जस्ता उच्चतम गुण एवं आदर्शको सम्झना गराउँदै सदाचारमा लाग्न उत्प्रेरित गरोस् भनिएको छ ।

सो शुभकामना पत्रमा सत्यको मूल्य एवं प्रतिष्ठा तथा लोक भावनाप्रतिको कदरको यतिखेर खडेरी परेको समयमा भगवान श्रीरामले देखाएको सत्यनिष्ठा तथा मर्यादाको पथमा हामी सबै हिड्न सकौं भन्दै रामनवमी जस्तो पुनित पर्वले सारा नेपालीलाई आफ्नो कर्तव्य बोध गराई राखोस् भनी कामना समेत गरेका छन् ।

# तीर्थयात्रा आउँदा पनि ठगिन्छन् मुसहर





विनय कर्ण
सप्तरी, १५ चैत ।

'न शौचालय र पिउने पानी छ, न त बस्ने सुविधा मात्रै,' भारत, मधेपुरा, तिलकपुरबाट आएकी रिता दासिनले भनिन्, 'हामीसँग सबै व्यवस्था छ भनेर एक हजार एकसय भारतीय रुपैयाँ र चामल लिइएको थियो, यहाँ त खुला चौरमा शौच गर्न परेको छ, खेतको पानीमा नुहाउनु परेको छ । महिला र बालबालिकाका लागि झनै समस्या भएको छ ।'

रुपनी गाउँपालिका वडा नम्बर ३ स्थित कटैयामा लोकनायक दिनाराम भद्री मन्दिरको प्राङ्गण खचाखच दृश्यकी एक पात्र हुन् रिता ।

मुसहर (सदाय) समुदायका कुल देउता 'दिनाराम भद्री'को दर्शन र पूजापाठका लागि भारतको पुर्णिया, अररिया, सहर्षा, सुपौल, मधेपुरा, सिलगुडी र दरभंगासहितका जिल्लाबाट ६ सयको हाराहारीमा तीर्थयात्रीले पाएको सास्तीको कथा हो यो ।

बस रिजर्भ गरेर आएका दर्शनार्थीले सास्ती त पाए नै, रिताले भनिन्, 'दुःख काटेर भए पनि कुलदेउताको दर्शन गर्दा जीवन धन्य भएको लागेको छ ।'

उनीहरुसँग प्रतिव्यक्ति एक हजार एक सय भारतीय रुपैयाँ र चामल लिएका थिए एजेन्टले मधेपुराकै हरि रिषिदेवले यहाँ ल्याउने एजेन्टले भने बमोजिम कुनै व्यवस्था नभएको गुनासो पोखे । 'एजेन्ट प्रकाश रिषिदेवले आवतजावत, खाजा, खाना र बाससहित प्रतिव्यक्ति एकहजार भारतीय रुपैयाँ र चामल लिएको तर आउँदा कुनै व्यवस्था भएको पाइएन,' उनले भने, 'धन्न कुलदेवताको दर्शन गर्न पाइयो ।'

- *बाँकी पृष्ठ ६ मा*

रामनवमीको अवसर पारेर आएका उनीहरु कुल देउताका रुपमा पुज्दै आएका दिनाराम भद्रीको जन्मथलो वोदे बरसाइनस्थित जोगिया र उनको मृत्यु भएको कटैया पुगेर दर्शनसँगै पूजा गरेपछि जन्म सफल हुने विश्वास बोकेर आएका हुन् ।

हरेका वर्ष नेपाल मात्र नभइ भारतका विभिन्न स्थानबाट मुसहर कुलका सदस्य धार्मिक पर्यटकका रुपमा आउने गरे पनि पूर्वाधार विकास भने हुन सकेको छैन ।

रुपनी-३ कटैयास्थित दिनाराम भद्री मन्दिर ग्रामीण भेगमा पर्छ । बाहिरबाट आउने पर्यटकका लागि खान र बस्न राम्रो पूर्वाधार छैन । न कुनै होटल छ, न त कुनै धर्मशाला ।

पूर्वाधार विकास हुन दर्शनार्थी अलपत्र परेका छन् । उनीहरुले रुखमुनि र कृषि सेडमा रात कटाएका छन् । स्थानीयले मन्दिर छेउमै रहेको विद्यालय र पुरानो वडा कार्यालयमा केहीलाई सुत्ने व्यवस्था मिलाए पनि पर्याप्त हुनसकेको छैन ।

तीर्थयात्रीसँगै आएका कलाकारको टोलीले बुधबार अपरान्ह दिनाराम भद्रीको विभिन्न स्वरुपमा मन्दिरको प्राङ्गणमा नाचगान, प्रदर्शन गरेको मन्दिरका पुजारी शलेन्दै रिषिदेवले जानकारी दिए ।

**एजेन्टको ठगीमा तीर्थयात्री**

रुपनी-३ कटैयास्थित मन्दिरमा

# शुल्क नतिरेकालाई पनि परीक्षा दिनलगाऊः महानगर

मधेशदृष्टि
वीरगंज, १५ चैत।
वीरगंज महानगरपालिकाले परीक्षा शुल्क तिर्न नसकेका विद्यार्थीलाई परीक्षामा सहभागी हुनबाट वञ्चित नगर्न आग्रह गरेको छ।
स्थानीय केही संस्थागत (निजी) विद्यालयले आगामी दिनमा अनुसूचित परीक्षामा शुल्क तिर्न नसकेका विद्यार्थीलाई सहभागी हुनबाट वञ्चित गर्न लागेको जानकारी पाएपछि महानगरपालिकाले त्यस्तो नगर्न आग्रह गरेको हो।
वीरगंज महानगरपालिका अन्तर्गत शैक्षिक प्रशासन महाशाखाले सूचना जारी गर्दै शुल्क तिर्न बाँकी विद्यार्थीलाई परीक्षा दिनबाट वञ्चित नगर्न आग्रह गरेको हो। सूचनामा शुल्ककै नाममा कुनै पनि विद्यार्थीलाई परीक्षाबाट वञ्चित गराएको भेटिए विद्यालयलाई कारवाही गरिने उल्ले छ।
केहरु विद्यालयले चैत महिनामा लिइने वार्षिक परीक्षामा शुल्क तिर्न नसकेका विद्यार्थीलाई परीक्षामा सहभागी हुनबाट वञ्चित गर्दै आएका छन्।

# लागुऔषधसहित तीन पक्राउ

मधेशदृष्टि
वीरगंज, १५ चैत।
बारा प्रहरीले प्रतिबन्धित लागुऔषधसहित ३ जनालाई नियन्त्रणमा लिएको छ। वीरगंजबाट पश्चिम जाँदै गरेको म.प्र. ०३- ००१ क.२२४३ नम्बरको टेलर (लहरी) को क्याबिनको सिटमुनि लुकाइएको अवस्थामा प्रहरीले लागुऔषध फेला पारेको हो। जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर १ स्थित सडकखण्डबाट इलाका प्रहरी कार्यालय सिमराबाट खटिएको टोलीले सूचनाका आधारमा सवारी चेकजाँच गर्दा २८ एम्पुल डाइजेपाम, २८ एम्पुल नुर्फिन, २८ एम्पुल फेनार्गन, नाइट्राभेट १० लेखिएको ७५ ट्याब्लेट र नाइट्राजेपाम ८० ट्याब्लेट बरामद गरेको हो।
त्यस्तै प्रहरीले वीरगंजबाट मकवानपुर जाँदै गरेको म.प्र.०३-००१ क् २२४२ नम्बरको टेलर (लहरी) को क्याविनस्थित सिटमुनिबाट पनि लागु औषध बरामद गरेको छ। डाइजेपाम, नुर्फिन र फेनार्गन २६-२६ एम्पुल, नाइट्राभेट १० लेखिएको १ सय ५० ट्याब्लेट र नाइट्राजेपाम ४० ट्याब्लेट बरामद गरेको बाराका प्रमुख प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए। प्रहरी उपरीक्षक बोगटीकाअनुसार लागुऔषधसहित रामेछापको खाँडादेवी गाउँपालिका-२ का ३१ वर्षीय अर्जुन कुमार श्रेष्ठ, जितपुर सिमरा उपमहानगरपालिका-३ का १९ वर्षीय दिपेश कार्की र मकवानपुर, मनहरी-२ का ३० वर्षीय पुष्पबहादुर राईलाई नियन्त्रणमा लिएको छ। उनीहरुविरुद्ध लागुऔषधसम्बन्धी कसुरमा बारा जिल्ला अदालतबाट म्याद थप लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक बोगटीले बताए।

# गौरमा पूर्वसूचना प्रणाली जडान

वीरगंज, १५ चैत।
वर्षाका बेला बाढीबाट हुने मानवीय र धनजन क्षति कम गर्न रौतहटको गौरस्थित जिल्ला प्रशासन कार्यालयमा पूर्व सूचना प्रणाली (साइरन) जडान गरिएको छ। सदरमुकाम गौरका स्थानीयले बर्सेनी डुबानको समस्या झेल्दै आएका छन्।
वर्षाका बेला डुबानबाट ठूलो क्षति ब्यहोर्दै आएका सदरमुकामबासीका लागि यसपटक पूर्वचेतावनी प्रणाली (साइरन)ले फाइदा हुने देखिएको छ।
माण्डवी संस्थाको पहलमा इन्टरनेसनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट (इसिमोड) ले जिल्ला प्रशासन कार्यालय गौरको भवनको छतमा बाढीपूर्व सूचना प्रणाली (साइरन) जडान गरिदिएको हो। साइरन बजेको एक किलोमिटरसम्म सुन्न सकिन्छ। पानी जोखिम व्यवस्थापन, जलवायु र वातावरणीय जोखिम न्युनिकरण गर्ने कार्यमा काम गर्दै आएको इसिमोडले बाराको लालबकैया नदीमा बाढी मापनयन्त्र र त्यहीँ रहेको सशस्त्र प्रहरीको क्याम्पमा पूर्वसूचना प्रणाली जडान गरेको माण्डवीकी अध्यक्ष अन्जु झाले बताइन्। अध्यक्ष झाका अनुसार बाराको निजगढ नगरपालिका-३ स्थित धन्सार खोलामा वर्षामापन गर्न यन्त्र जडान भएको छ।

# मन्त्रालय बाँडफाँडबारे गठबन्धनबीच सहमति

मधेशदृष्टि
काठमाडौं, १५ चैत।
दश दलीय सत्ता गठबन्धनमा मन्त्रालय बाँडफाँटमा दलहरुबीच सैद्धान्तिक सहमति भएको छ।
बैठकपछि जसपा नेता राजेन्द्र श्रेष्ठले मन्त्रालय बाँडफाँटमा सैद्धान्तिक सहमति भएको दाबी गरे। उनले भने, ‘गठबन्धनमा सहमति भइसक्यो। अब दलहरुको आन्तरिक तयारी बाँकी छ। सबै पार्टीले आआफ्नो भागमा परेको मन्त्रालयको मन्त्री चयन गरेर प्रधानमन्त्रीलाई दिनेछ। भोलिसम्म मन्त्रिपरिषद विस्तार गरी शपथग्रहण हुन्छ।’मन्त्रालयको संख्याबारे शीर्ष नेताहरुसँग अझै एकपटक छलफल हुने बताए। उनले कुन पार्टीलाई कुन मन्त्रालय भन्नेमा कुरा मिल्न सकेको छैन। तर संख्यात्मक रुपमा गठबन्धनमा रहेका ९ दलबीच २१ वटै मन्त्रालयको बाँडफाँट भइसक्यो। रास्वपालाई भाग छुट्याउने भन्नेबारेमा कुनै छलफल नभएको उनले बताए। बालुवाटारमा बसेको बैठकमा सरकारमा सहभागी हुने ९ दलबीच कांग्रेस ८, माओवादीलाई प्रधानमन्त्रीसहित ५, नेकपा एस २, जसपालाई २, जनमतलाई एक राज्यमन्त्रीसहित २, लोसपा १, उन्मुक्तिलाई १, आम जनता पार्टीलाई १ र नेसपालाई १ मन्त्रालय दिने सहमति भएको बताइएको छ।

# क्रिकेटका खेलाडी छनौट

मधेशदृष्टि
जनकपुरधाम, १५ चैत। जिल्ला क्रिकेट संघ धनुषाले यु-१६ क्रिकेट प्रतियोगिताका लागि खेलाडी छनोट गरेको छ।
प्रदेशस्तरीय प्रतियोगिताका लागि खेलाडी छनोटगरि १८ जनाको नाम सार्वजनिक गरेको हो। अलि अक्बर अन्सारीको कप्तानीमा १८ सदस्यीय टोली छनोट गरिएको क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे (गुड्डु) ले जानकारी दिए।



टिममा कप्तान अलि अक्बर अंसारीसहित अभिजीत यादव, अक्षर दत्त, अरमान राइन, चन्दन यादव, लव राजु साह, मो. सदीक रेजा, मो. आयन अख्तर, नीर साह, राजेश दास, रोहन यादव, रोशन यादव, रूपेश यादव र साजन यादव छन्। त्यस्तै, संजय यादव, सोहिल राईन, सनी साह र साइमन रायलाईसमेत टिममा समावेश गरिएको अध्यक्ष पाण्डेले जानकारी दिए। टिमको कोचमा अंसारूल राईन र म्यानेजरमा मो. अथरलाई तोकिएको हो।



उपेन्द्रका पक्षमा निर्णयः बुधबार बाराको क्षेत्र नम्बर २ मा जसपा नेपालको क्षेत्रीय भेला। भेलाले पार्टी अध्यक्ष एवम् पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।
*तस्बिरः मधेशदृष्टि*

# ५३ हजारमध्ये २ हजार मात्रै पालिका प्रमुखको रोजाइमा

मधेशदृष्टि
काठमाडौँ, १५ चैत।
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले कर्मचारी व्यवस्थापनमा संघीय सरकारसँग प्रदेश र स्थानीय सरकारको दोहोरो समन्वय हुन आवश्यक रहेको बताएका छन्। बुधबार काठमाडौँ महानगरपालिकाले आयोजना गरेको पहिलो न्यायिक समिति राष्ट्रिय सम्मेलनमा बोल्दै मन्त्री मोदीले मुलुकमा ५३ हजार कर्मचारीको दरबन्दी भएपनि २ हजार मात्रै कर्मचारी स्थानीय तहको रोजाइमा पर्ने गरेको बताए। उनले ७ सय ५३ स्थानीय तहमा २ हजार कर्मचारी रोजाइमा रहेकाले ५१ हजार कर्मचारीलाई कहाँ पठाउने भन्दै स्थानीय तहसँग जवाफ मागे।
उनले स्थानीय तहले अधिकृत माग गर्ने बित्तिकै पठाउँदा हुँदैन भनेर मन्त्रालय आउने गरेको भन्दै रोजाइको अधिकृत पठाउन माग गर्दै मन्त्रालयमा दैनिक हजार भन्दा बढीको भीड लाग्ने गरेको बताए। ‘मन्त्रालयमा नगरपालिका र गाउँपालिकाका मेयरहरु आएर पालिकामा कार्यकारी प्रमुख पठाइदिन आग्रह गर्ने गर्छन्,’ उनले भने, ‘पठाइदिन्छु। पठाएको भोलिपल्ट एउटा ग्रुप आउँछ त्यो हुँदैन। त्यसलाई तुरुन्त हटाई देऊ भन्छन्। फेरि अर्को ग्रुप त्यसलाई राख्नैपर्छ भनेर आउने गर्छन्। मन्त्रालयमा दैनिक रुपमा हजार जनाको भीड आफूले रोजेको कर्मचारीको पाउन भनी लाग्ने गरेको छ।’ सबै रोजेको कर्मचारी ७ सय ५३ स्थानीय तहमा पठाउन थालियो भने देशमा अधिकृत २ हजार ४ सय, उपसचिव ९ सय र सहसचिव ४ सयमा मिलाउन समस्या हुने उनले बताए।
मन्त्री मोदीले वर्तमान सरकारको पालामा नै संघीय निजामती सेवा ऐन आउनेमा ढुक्क हुन आग्रह गरे। उनले लामो समयदेखि रोकिएको संघीय निजामती सेवा ऐन आफू मन्त्री भएर आएको दुई महिनामा नै प्रक्रिया अगाडि बढाएको बताए। उनले ऐन प्रक्रिया अगाडि बढेर अहिले कानून र अर्थ मन्त्रालयमा स्वीकृतको लागि पठाइसकेको बताए।उनले अब बस्ने प्रतिनिधि सभामा पेस गर्ने गरी ऐनको प्रक्रिया अगाडि बढाएको उल्लेख गरे। उनले संघीय निजामति सेवा ऐनमा तहगत बढुवा हुने र अवकाश अवधि ६० वर्षको अवधि कायम गरिसकिएको जानकारी दिए।
धेरै वर्षदेखि थाती रहेको ऐन दुई महिनामा अगाडि बढेको छ। ‘संघीय निजामति सेवा ऐनमा श्रेणीगत राख्ने की तहगत भन्ने थियो अब तहगत र अवकाश अवधि ६० की ५८ थियो अहिले ६० बनाएर आउँछ’, उनले भने, ‘ऐनमा ट्रेड युनियन कस्तो भन्ने कुरा छलफलकै प्रक्रियामा रहेको छ।’ स्थानीय तहहरुमा प्रमुख कार्यकारी अधिकृत कसले पठाउने भन्नेमा विकास नभएसम्म केन्द्र तहगत विकास भएपछि प्रदेश सरकारबाट पठाउने ऐनमा व्यवस्था गरिएको छ। उनले संघीयता अनुसार काम गर्न नसक्दा जनताले खोजेको जस्तो काम गर्न नसकिरहेको स्वीकार गरे।
उनले जनताको सबै भन्दा नजिकको सरकार भनेको स्थानीय सरकार भएको भन्दै जनताका समस्या समाधान गर्न स्थानीय सरकार सचेत हुनुपर्ने बताए। उनले केन्द्र सरकारले प्रहरी समायोजन ऐन बनेपनि त्यसलाई कार्यान्वयनमा ल्याउन नसकिएकोमा दुख व्यक्त गरे।

# ट्राफिक व्यवस्थापन गर्ने प्रतिवद्धता

मधेशदृष्टि
जनकपुरधाम, १५ चैत।
मधेश प्रदेशका राजधानी समेत रहेको जनकपुरधामसहित धनुषा जिल्लाको ट्राफिक व्यवस्थापनमा हरसम्भव प्रयास गर्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक शेखर कुमार साहले प्रतिबद्धता जनाएका छन्।
बुधबार धनुषाका पत्रकारहरुसँगको भेटघाटमा प्रहरी निरीक्षक ठाकुरले जनकपुरधाम नगरभित्र ट्राफिक व्यवस्थापनमा अब नो पार्किङमा पार्क गर्ने गाडीलाई ह्विल लक लगाएर व्यवस्थापन गरिने बताए।उनले जनशक्ति बढाएर रामानन्द चोक, जानकी मन्दिरलगायतका क्षेत्रमा मात्र १० जनाको संख्यामा ट्राफिक प्रहरी निरन्तर खटिरहेको जानकारी दिए। जनकपुरधाम प्रदेशको राजधानी भएसँगै सवारी साधनको चाप बढेकाले ट्राफिक व्यवस्थापन मुख्य चुनौती बताउँदै उनले यसलाई आफ्नो कार्यकालभर सुधार गर्ने बताए।
नागरिकलाई ट्राफिकसम्बन्धी थप जनचेतना जगाउने, अव्यवस्थित पार्किङ व्यवस्थित गराउने,



यातायात र यात्रुको निश्चित मापदण्ड बनाई कार्यान्वयन गर्ने र सवारी आवागमनलाई चुस्त र दुरुस्त बनाउनेतर्फ सारा जनशक्ति लगाइने बताए। ‘प्रदेश राजधानी भएसँगै जनकपुरधाममा सवारी व्यवस्थापनमा चुनौती छ, बजार क्षेत्रमा जथाभावी राखिएका ब्रेकरलाई समेत हटाउने छु’, ट्राफिक प्रमुख साहले भने, ‘आफूलाई कानुनले दिएको अधिकारभित्र रही सवारी दुर्घटना न्युनिकरणमा पनि सबै पक्षसँग सहकार्य गरेर काम अघि बढ्नेछु।’ ट्राफिक व्यवस्थापनमा ट्राफिक एक्लैले मात्र केही गर्न नसक्ने भन्दै सबैपक्षलाई साथ दिन उनले आग्रह उनले गरे। पत्रकार सम्मेलनमा सञ्चारकर्मीहरुले इरिक्साको अव्यस्थित पार्किङ, नगरभित्र बिहान ९ बजेपछि बेलुका ७ बजेसम्म ठूला सवारी साधन प्रवेश निषेध नियम कार्यान्वयन, चेकजाँचमा ट्राफिक प्रहरीले लिने गरेको नियमविपरीत अवैध रकम असुली बन्द, नो पार्किङको बहानामा मोटरसाइकलको प्लक वायर झिक्ने लगायतका कार्य बन्द गर्न सुझाव दिएका थिए।

# सरकारी खर्चमा मुक्तिनाथ भ्रमण

मधेशदृष्टि
महोत्तरी, १५ चैत।
गाउँपालिका कार्यालयको कामकाज ठप्प गरी एकडारा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी मुक्तिनाथ भ्रमणमा निस्केका छन्।गाउँपालिका कार्यालयको सम्पूर्ण कामकाज ठप्प गरी अध्यक्ष, प्रशासकीय अधिकृत, फाँटका कर्मचारी र कार्यालय सहयोगीहरु सरकारी खर्चमा मुक्तिनाथ भ्रमणमा गएका हुन्।
कार्यालयका २-३ जना कर्मचारीबाहेक सबै कर्मचारी पिकनिक भ्रमणमा गएका कारण कामकाज प्रभावित हुन गएको गाउँपालिका उपाध्यक्ष महजवी खातुनले बताएकी छिन्। कार्यालयलाई अलपत्र छाडेर पालिका अध्यक्षलगायत कर्मचारी पिकनिक भ्रमणमा गएपछि स्थानीय सास्ती भोग्न बाध्य भएका छन्। कार्यालयको प्रशासनिक कामको जिम्मेवारी बोकेका प्रमुख प्रशासकीय अधिकृत सन्तोष कुमार मिश्रसहित लेखा, योजना, कृषि, भेटेनरीलगायत अन्य सम्पूर्ण फाँटमा ताल्चा झुन्डयाएर भ्रमण गएका हुन्। कार्यालयका केही फाँट खुला रहे पनि कर्मचारी नभएको उपाध्यक्ष खातुनले बताइन्।
सरकारी बजेट तथा स्रोत साधनको चरम दुरुपयोग गरेर विलासितामा होमिएका प्रमुख प्रशासकीय अधिकृत मिश्रले नियम कानुन मिच्दै राष्ट्रसेवक कर्मचारीको छवि धुमिल गरेको आरोप स्थानीयको रहेको छ। यता, पालिकाको अभिभावकत्व भूमिका निर्वाह गर्ने पालिका अध्यक्ष दीपनारायण मण्डलबाटै चरम लापरवाही भएको देख्दा सरकारको काम कर्तव्यमाथि प्रश्न उठ्नु स्वाभाविक रहेको स्थानीयको भनाइ छ।

## राशिफल

**मेष - ARIES** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ।

**वृष- TAURUS** (इ,उ,ए,ओ,बा,बि,बु,बे,बो)
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। परिवारमा सुख सन्तोष छाउला। नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ।

**मिथुन - GEMINI** (का,कि,कु,घ,ङ,छ,के,को,ह)
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला। प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ।

**कर्कट - CANCER** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ।

**कन्या - VIRGO** (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
आज लाभदायक यात्रा रहला। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। परिश्रम गर्दा धनार्जन हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ।

**तुला - LIBRA** (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला।

**वृश्चिक - SCORPIO** (तो,ना,नि,नु,ने,नो,या,यि,यु)
आज गरेको कार्यमा सफलता मिल्नेछ। शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

**धनु- SAGITTARIUS** (ये,यो,भ,भि,भु,ध,फा,ढ,भे)
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ। ठुलो कारोबारमा लगानी नगर्नु। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन।

**मकर - CAPRICORN** (भो,ज,जि,खि,खु,खे,खो,गा,गि)
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ।

**कुम्भ - AQUARIUS** (गु,गे,गो,सा,सि,सु,से,सो,द)
साना तिना समस्यामा अल्झनुपर्नेछ। स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**मीन - PISCES** (दि,दु,थ,झ,ञ,दे,दो,च,चि)
आज विद्या र बुद्धिको विकास हुनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

# प्राविस्तरका शिक्षकलाई निरीक्षक खटाइने : मन्त्री

मधेशदृष्टि
जनकपुरधाम, १५ चैत ।

चैत १७ गतेदेखि हुनलागेको माध्यमिक शिक्षा परीक्षा (एसइइ) परीक्षालाई प्रदेशमा मर्यादित एवम् अनुशासित बनाइने मधेश सरकार शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेश यादवले बताएका छन् ।



एसइइ परीक्षाको पूर्वसन्ध्यामा बुधवार पत्रकार सम्मेलन गरी मन्त्री यादवले यसपटकको एसइइ परीक्षा अनुशासित एवम् मर्यादित बनाउन तीनवटै सुरक्षा निकाय परिचालन गरिनुका साथै स्थानीय तहलाई सक्रिय बनाइने बताए । उनले भने, ‘ पछिल्लो ३ वर्षदेखि कोभिड-१९ संक्रमणले गर्दा परीक्षा विना कुनै प्रक्रियाले लिएको कारण पहिलाकै अवस्थामा परीक्षा दिनुपर्ने भन्ने विद्यार्थीको मानसिकतामा नकारात्मक प्रभाव पारेकाले त्यसलाई चिर्न गुणस्तरीय शिक्षाका लागि चिट चोरीमा नियन्त्रणसहित सहज वातावरणमा परीक्षा लिइनुपर्छ ।’

मधेशमा यसअघि चिट चोरेर परीक्षा उत्तीर्ण गर्ने परिपाटी बढ्दै गएपछि मधेश प्रदेशले यसपटक एसइइ परीक्षामा यो परिपाटी चिरेर अघि बढ्ने मन्त्री यादवले गरेको दाबीमा सञ्चारकर्मीले परीक्षा हलभित्रै गार्डमा खटिएका शिक्षकबाट चिट चोरी गराउने कार्य हुँदै आएको आरोप लगाए। सञ्चारकर्मीको आरोपबारे मन्त्री यादवले शिक्षक आभावले पहिला यस्तो हुने गरेको तर यसपटक चाहिं त्यस्तो नहुने बताए । प्राविस्तरका शिक्षकलाई निरीक्षक मात्र खटाइने थप्नैपर्ने अवस्थामा बाहिरबाट जनशक्ति परिचालन गरिने उनको भनाइ थियो । मधेशमा यस पटक एसइइ परीक्षामा २ सय ७९ परीक्षा केन्द्रबाट ७९ हजार ९४ परीक्षार्थी सहभागी हुँदैछन् । मधेश प्रदेशमा सबैभन्दा बढी धनुषाबाट ४३ परीक्षा केन्द्रमा १२ हजार १ सय ४६ परिक्षार्थी सहभागी हुनेछन् भने सबैभन्दा कम रौतहटमा ३५ परीक्षा केन्द्रमा ८ हजार ९ सय ५७ परिक्षार्थीले परीक्षा दिनेछन् । त्यस्तै, सप्तरीमा ३६ परीक्षा केन्द्रमा ९ हजार ५ सय २७, सिरहामा ४० परीक्षा केन्द्रमा १० हजार १ सय ५०, महोत्तरीमा ३१ परीक्षा केन्द्रमा ९ हजार ५४, सर्लाहीमा १० हजार ९ सय १६, बारामा ३२ परीक्षा केन्द्रमा ९ हजार १ सय ७९ र पर्सामा २५ परीक्षा केन्द्रमा ९ हजार १ सय ६५ परिक्षार्थी सहभागी हुनेछन् । मधेश प्रदेशमा परीक्षा मर्यादित बनाउन ७ हजार ५ सय ७९ जनशक्ति खटाइनेछ ।

यसका साथै परीक्षा केन्द्रहरुमा सुरक्षाकर्मीसमेत परिचालन गरिनेछ ।

# धर्मशालाको खाली जग्गामा वृक्षारोपण



मधेशदृष्टि
वीरगंज, १५चैत ।

वीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगर स्थित हजारीमल धर्मशालाको खाली जग्गामा वृक्षारोपण गरिएको छ। सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर, वीरगंज महानगरपालिका र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति चितवनको संयुक्त पहलमा वृक्षारोपण गरिएको हो । वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलमको विशेष उपस्थितिमा सम्पन्न वृक्षारोपण कार्यक्रममा विभिन्न प्रजातिका १ सय ५० बिरुवा रोपिएको ग्रिनसिटी समुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले जानकारी दिए। कार्यक्रमलाई सम्बोधन गर्दै नगर उपप्रमुख आलमले वातावरण स्वच्छ राख्न र मानव स्वास्थ्य दुवैका लागि बोटविरुवाको भूमिका रहेका कारण आआफनो टोलमा सबैले वृक्षारोपण गर्नु पर्ने बताए ।

ग्रिनसिटी सामुदायिक केन्द्रका अध्यक्ष खेतानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, पर्साका प्रहरी उपरीक्षक कोमल शाह, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक विदुर शिवाकोटीलगायत विभिन्न संघसंस्थाका प्रतिनिधि, उद्योगी, व्यवसायीको सहभागिता थियो ।

# प्रदेश प्राधिकरणका कर्मचारीहरु आन्दोलित



मधेशदृष्टि
जनकपुरधाम, १५ चैत ।

नेपाल विद्युत प्राधिकरण मधेश प्रदेशका कर्मचारी आन्दोलनमा उत्रेका छन् । फागुन ५ गते रौतहटको मौलापुरमा आमजनता पार्टीका जिल्ला अध्यक्ष त्रिभुवन साह उर्फ अमर साह र धिरज पाण्डेको नेतृत्वमा प्राधिकरणको कार्यालयमा पुगेको टोलीले कार्यालय प्रमुख एवम् कर्मचारीमाथि हातपात गरेको भन्दै उनीहरु प्रदेशव्यापी रुपमा आन्दोलनमा उत्रेका हुन् ।

अमर र धिरजको नेतृत्वमा करिब २० जनाको समूहमा प्राधिकरण मौलापुर वितरण केन्द्र पुगेका उनीहरुले कार्यालय प्रमुख अरुणकुमार साहलाई अभद्र व्यवहार गर्नुका साथै सहायक इन्जिनियर महेन्द्र चौधरीलाई कुटपिट गरेको भन्दै आरोपितलाई तत्काल कारवाही गर्न माग गरिएको छ। उनीहरुले सहायक इन्जिनियर चौधरीलाई विद्युत प्राधिकरणको विनियमावलीविपरित अनाधिकृतरुपमा बिना मिटर डाइरेक्ट (हुकिङ) लाइन जडान गर्न दबाब दिएका थिए । चौधरीले त्यस्तो गर्न नमान्दा उनलाई कुटपिट तथा गालीगलौज गर्दै अपहरणशैलीमा जबर्जस्त गाडीमा राखेर लगेर अनाधिकृतरूपमा डाइरेक्ट लाइन जडान गराएका थिए ।

नेपाल विद्युत प्राधिकरण कर्मचारी संघ मधेश प्रदेशका अध्यक्ष राजकिशोर भिनवारले त्रिभुवन साहको नेतृत्वमा २० जनाको समूहमा प्राधिकरणको कार्यालयमा आएर कार्यालय प्रमुख र सहायक इन्जिनियरलाई दुर्व्यवहारसहित कुटपिट गरेकाले शान्ति सुरक्षाको ग्यारेन्टी तथा अवैध विद्युत जडान गर्नेलाई कारवाहीलगायतका माग राख्दै आफूहरु आन्दोलनमा उत्रिनु परेको बताए ।

उनीहरुले नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका कर्मचारीलाई कुट्ने त्रिभुवन साह, धिरज पाण्डे लगायतका अराजक व्यक्तिहरुलाई तत्काल पक्राउ गरी कानुनी कारवाही, मौलापुर वितरण केन्द्र रहेको क्षेत्रका ७५ प्रतिशत जनतालाई पायक पर्ने ठाउँ शिवनगर अथवा गरुडामा वितरण केन्द्र स्थानान्तरण, राष्ट्रसेवक कर्मचारीको शान्ति सुरक्षाको प्रत्याभूति, पीडितलाई सम्मानसहित क्षतिपूर्ति व्यवस्था तथा मौलापुरको केही होटल र मौलापुर वडा कार्यालयमा अनाधिकृत विद्युत प्रयोग गरिरहेकामा त्यसको नियन्त्रण गर्न क्षतिपूर्ति र बाँकी बक्यौता असुल उपर गर्न पर्याप्त शान्ति सुरक्षा व्यवस्था गर्नुपर्ने माग अघि सारेका छन् ।फागुन १५ गते रौतहटको मौलापुरमा भएको मघानी महायज्ञमा मौलापुर विद्युत वितरण केन्द्रलाई विद्युत जडानका महायज्ञ आयोजकले जडानका लागि भनेको थियो । तर वितरण केन्द्रका प्रमुख अरुणकुमार साहले विद्युत जडानका लागि निवेदन लेखेर दर्ता गराउन भनेपछि स्थानीय त्रिभुवन साहको अगुवाइमा २० जनाको समूहले गालीगलौज तथा कुटपिट गरेको थियो । कर्मचारीले बिहीबारदेखि थप आन्दोलन चर्काउने चेतावनी दिएका छन् । मधेश प्रदेशका २३ वितरण केन्द्रका कर्मचारी आन्दोलित भएका हुन् ।

# संसदमा फरार सांसदको खोजी

मधेशदृष्टि
काठमाडौ, १५ चैत ।

संघीय संसद (प्रतिनिधिसभा) को बैठकमा फरार सांसद लक्ष्मी महतो कोइरीको खोजी भएको छ । बुधबार बसेको बैठकमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले फरार सांसद महतो कहाँ छन् भनी खोजी गरेका हुन् ।

‘आज प्रतिनिधिसभाको १७ औं बैठक चलिराखेको छ । लगातार १० पटकसम्म उपस्थित नहुँदा सांसद पद खाली हुन्छ भन्ने नियमावलीमा उल्लेख भएको सुनेको थिएँ’, खतिवडाले भने, ‘एक जना सांसद सभामुखलाई जानकारी दिएर हो कि, जानकारी नदिइकन हो, धेरै पटकदेखि संसदमा देखिएको छैन ।’ संसद बाहिर पनि चहलपहल नदेखिएको भन्दै सांसद खतिवडाले महतोको खोजी गरेका हुन् ।

खतिवडाले भनेका छन्, ‘महोत्तरीबाट निर्वाचित लक्ष्मी महतो कोइरी हराइरहेको सूचना छ । सभामुखलाई जानकारी छ कि छैन जानकारी पाउँ ।’ खतिवडाले प्रश्न गरेका बेला सभामुख देवराज घिमिरे सभामुखको आसनमा थिएनन् । एमालेका सांसद कृष्णगोपाल श्रेष्ठले सदन चलाइरहेका थिए । उनले खतिवडालाई जवाफ दिए, ‘ध्यानाकर्षणको लागि माननीयज्यूलाई धन्यवाद ।’

मधेश आन्दोलनका क्रममा प्रहरी सई थमन बिकको हत्या अभियोग लागेका कोइरी फरार अभियुक्त हुन् । उनले फरार रहेकै अवस्थामा महोत्तरी-१ बाट ४ मंसिरको चुनावमा प्रतिनिधिसभा सदस्य निर्वाचित भएका हुन् ।

# मिटरब्याजको जड सरकार : सिंह

मधेशदृष्टि
काठमाडौ, १५ चैत ।



प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंहले मिटरब्याजको जड सरकार नै रहेको आरोप लगाएका छन् ।

बुधबारको प्रतिनिधिसभा बैठकको शून्य समयमा बोल्दै प्रतिनिधि सभा सदस्य अमरेशकुमार सिंहले मिटरब्याजको जड साहु नभएर सरकार रहेको भने । उनले भने, ‘ मिटरब्याजी पीडितहरु हाम्रो राज्य सञ्चालनको ऐना हो । राज्यले नै ३ थरीको ब्याज तय गरेको छ । मिटरब्याज, माइक्रोफाइनान्सबाट सेन्टिमिटर ब्याज र बैंकबाट मिलिमिटर ब्याज । मिलिमिटर ब्याज उद्योगपतिहरुलाई दिइन्छ । मिटरब्याजको जड साहु होइन सरकार नै हो ।’

उनले सरकारले देशलाई अस्तव्यस्त बनाएर शासन गर्न खोजेको बताए । उनले सरकारले गरिबी र अशिक्षामाथि शासन गर्न खोजेको बताए । सिंहले देशमा मिटरब्याज, सेन्टिमिटर ब्याज र मिलिमिटर ब्याज गरी तीन प्रकारको ब्याज रहेको बताए ।

उनले भने, ‘सरकार यो देशलाई अस्तव्यस्त बनाएर, गरिबलाई झन गरिब बनाएर शासन गर्न खोजेको हो । गरिबी र अशिक्षामाथि सरकारले सरकार सञ्चालन गर्न खोजेको हो ।

कहिले पनि शिक्षाको विकास गर्दैन । गरिबको चिन्ता गर्दैन ।’

# सखुवाप्रसौनीमा भूमिबारे अभिमुखीकरण

मधेशदृष्टि
वीरगंज, १५ चैत ।

पर्साको सखुवाप्रसौनी गाउँपालिकामा भूमि आयोग पर्साको आयोजनामा अभिमुखीकरण कार्यक्रम भएको छ । ‘हाम्रो अभियान भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान हाम्रै पालामा’ भन्ने नारालाई साकार पार्न राष्ट्रिय भूमि आयोग पर्साले अभिमुखीकरण गरेको हो ।

गाउँपालिका अध्यक्ष जसवन्त यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भूमिहीन, सुकुम्बासी, दलित एवम् अव्यवस्थित बसोबासीको पहिचान कसरी गर्ने, कसलाई भूमि उपलब्ध गराउने, सूचना कसरी संकलन गर्ने लगायतका बारेमा राष्ट्रिय भूमि आयोग पर्साका अध्यक्ष तबरेज अहमदले प्रशिक्षण दिएका थिए ।

अध्यक्ष अहमदका अनुसार सखुवाप्रसौनीमा १ हजार २ सय १५ जनाको विवरण संकलन गरिएको छ । जसमध्ये ८ सय ८० भूमिहीन दलित र भूमिहीन सुकुम्बासी छन् भने ३ सय ३५ अव्यवस्थित बसोबासी छन् ।

भूमिसम्बन्धी कामको सहजताका लागि पालिकास्तरीय र वडास्तरीय सहजीकरण समिति पनि पुनर्गठन गर्ने निर्णय भएको छ । अभिमुखीकरणमा गाउँपालिकाका ६ वटै वडाका वडाअध्यक्ष, वडा सचिव, कार्यपालिका सदस्य, कर्मचारी सहभागिता थियो ।

# आगलागीमा बालिकाको मृत्यु



मधेशदृष्टि
रौतहट, १५ चैत ।

रौतहटको दक्षिणी भेग ईशनाथ नगरपालिकामा मंगलबार राति दुईवटा घरमा भएको आगलागीमा एक बालिकाको मृत्यु भएको छ ।

ईशनाथ-६ जयनगरका मजीबुल रहमानको घरमा मंगलबार राति ८ बजे आगलागी हुँदा घरभित्र सुतिरहेकी ११ वर्षीया रजिया खातुनको जलेर मृत्यु भएको प्रहरी चौकी जयनगरका असई शत्रुघ्न यादवले बताए । आगलागीमा रहमानको १६ लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । घरबाट सल्किको आगोले छिमेकी शेख इर्सादको गोठ जलेर दुईलाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

# करारका कर्मचारी हटाउँदा विरोध

मधेशदृष्टि
वीरगंज, १५ चैत ।




पर्साको धोबिनी गाउँपालिका कार्यलय लंगडीले करारका कर्मचारीलाई हटाएपछि विरोध भएको छ ।

गाउपालिकामा कार्यरत विभिन्न तहका ५१ करार कर्मचारीमा १५ जनालाई मात्र हटाएपछि कर्मचारीले नै विरोध गर्दा बुधबार दिनभर कामकाज ठप्प भएको छ । हटाइएका कर्मचारीले आफूहरुसँग राजनीतिक प्रतिशोध साधिएको बताए । एकै मितिमा सँगै नियुक्ति भएकामध्ये केहीलाई मात्र हटाइएको छ । फागुनमा नियुक्ति पाएका २० मध्ये १५ जनालाई हटाउने र ५ जनालाई राख्नु नियम विपरीत भएको पीडित कर्मचारीको भनाइ छ । हटाइएका अधिकांश कर्मचारी स्थानीय नै हुन् ।

# मोटरसाइकल भेटियो, चोर्ने फरार

मधेशदृष्टि
वीरगंज, १५ चैत ।

वीरगंजबाट चोरी भएको मोटरसाइकल पटेर्वासुगौलीमा फेला परेको छ । वीरगंजस्थित सूर्य अस्पताल परिसरभित्रबाट चोरी भएको मोटरसाइकल ग्रामीण भेगको पटेर्वासुगौलीमा भेटिएको हो । सोमबार अस्पतालमा उपचारका निम्ति आएका सेवाग्राहीको मोटरसाइकल पार्किङबाट चोरी भएको थियो । अस्पताल परिसरबाट चोरी भएको ना ६१ प ८८१६ नम्बरको होन्डा साइन मोटरसाइकल पटेर्वासुगौली-१ मा फेला परेको प्रहरीले जनाएको छ । मोटरसाइकल फेला परेर प्रहरीले सम्बन्धित धनी बहुदरमाई नगरपालिका-९ पिपराका जितेन्द्र सिंहलाई बुझाएको छ ।

पर्सा प्रहरीका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दीपक गिरीका अनुसार मोटरसाइकल सनोज सहनीले चोरेर लगेको देखिएको छ । सहनीको खोजी जारी छ ।

# निर्वाचनको सहमतिपछि ताला खुल्यो

मधेशदृष्टि
सिरहा, १५ चैत । ।

गोलबजारस्थित रामप्रताप रामप्रसाद तामाङ्ग जनता बहुमुखी क्याम्पसमा विद्यार्थीले गरेको तालाबन्दी चैत २९ गतेभित्र स्ववियु निर्वाचन गर्ने सहमतिपछि खुलेको छ । आन्दोलनरत विद्यार्थी संगठन र क्याम्पस प्रमुख किशोरकुमार साहबीच स्ववियु निर्वाचन गर्ने सहमतिपछि ताला खुलेको हो ।

विद्यार्थी संगठनहरुले स्ववियु निर्वाचन माग गर्दै क्याम्पस प्रमुख साहको कार्यकक्षमा ताला लगाएका थिए ।

## सम्पादकीय

# महानगरको प्रशंसनीय अभियान

वीरगंज महानगरपालिकाले केही जनमुखी कामहरु गरेको छ। जसका कारण वीरगंजमा महानगरका मेयर राजेशमान सिंह र उनको नेतृत्वको प्रशंसा पनि भइरहेको छ। स्थानीय तह निर्वाचनमा काठमाडौँमा मधेशी समुदायका बालेन साह अनि वीरगंजमा पहाडी अनुहार राजेशमान सिंह विजेता । नेपाली समाजले रुचाएको विविधताभित्रको नयाँ स्वरुप । राजनीतिक दलहरुलाई पनि जात र समुदायको राजनीति जनताले रुचाउँदैनन् भन्ने गतिलो सन्देश । र, यो एक वर्षे कार्यकालका केही महिना बक्यौता रहँदा मेयरहरुको कामको चर्चा र विरोध पनि उस्तै । काठमाडौँमा सुकुम्बासीले मेयरविरुद्ध नाराबाजी गरिरहँदा वीरगंजमा भने मेयर आफैँ कतै माटो चोर्ने ट्रिपर समात्न त कतै सुकुम्बासीका नाममा हुकुम्बासी बनेर जग्गा कब्जा गर्नेहरुबाट जग्गा फिर्ता लिन मैदानमा पुगिरहेका छन्, निर्धक्क काम गरिरहेका छन् ।

कृषि, स्वास्थ्य, सहकारी जस्ता विभागीय शाखाहरुको कार्यक्रम उद्घाटन । अरुले बोलाएका कार्यक्रममा पनि भ्याएसम्म उपस्थिति । महानगरमा मेयरको कुर्सीमा बसेर जनताको काम अनि राज्यदोहन र राज्यसम्पत्ति लुटाहाहरुलाई कारबाहीको दोहोलो काढ्दै मेयर ठमठम जनतासँग सबै भूगोलमा हिँडिरहेका पनि भेटिन्छन् । हुँदाहुँदा पाँच-पाँच वटा उद्योगलाई एकसाथ जरिवाना गरेर उनले प्रकृति संरक्षणमा पनि राम्रो कदम चालेका छन् । सिंह मेयर हुनुभन्दा अगाडि पनि सिर्सियाको पानी सेतो थिएन, कालै थियो । तर किन अरु मेयरले यो काम गरेनन्, चाहे भने बदमासी गर्नेहरुलाई तह लगाउन स्थानीय सरकारले सक्दोरहेछ भन्ने सन्देश मेयर सिंहले दिएका छन् । उनको कामलाई नरुचाउनेहरु कोही छन् भने तिनै छन्, जो माटो चोर्न पाइरहेका छैनन् । खेती लगाउने भनेर माटो तस्करी गरिरहेका थिए । उद्योग खोल्ने भनेर दुषित पानी नदीमा फालेर सिर्सिया नदीको रंग नै बदलेर धनी भइरहेका थिए । अनि राज्यको जग्गा मिचेर हालिमुहाली गरिरहेका थिए । बदमासहरुको नजरमा मेयर सिंह 'दबङ' मेयरको परिचय बनाइरहेका छन् । हिन्दी फिल्मका 'सिंघम' झैँ देखिएका छन् ।

यदि उनले जनताको मन दुःखाएको हुँदो हो त उनका विरुद्ध पनि मेयर बालेन साहका विरुद्ध झैँ जुलुश र नाराबाजी हुन सक्थ्यो, कसले रोक्थे र अराजक समाजमा यस्ता अराजक गतिविधि ? तर त्यही काठमाडौँमा मेयरले गरिब, दुःखीको बास उठाउन खोज्यो भन्दै 'खुकुरी' लिएर आन्दोलनमा आइरहँदा वीरगंजमा भने 'प्रहरीलाई खबर गर्दा रेस्पोन्स भएन' भन्दै महानगरमा फोन गर्ने चलन बढेको छ ।

स्थानीयले प्रहरीले नगरेको काम महानगरले गर्न थाल्यो, अझ मेयरसाब आफैँ फिल्डमा आउन थाल्नु भयो भन्दै जनता र मेयरको सम्बन्ध सुमधुर हुन थालेको छ । मेयर सिंहले पनि फर्मान नै जारी गरेका छन् कि, 'कहीँ कतै बदमासी, विकृति भएको पाइए सिधा फोन गर्नू, अझ जग्गा कब्जा गर्ने घटनामा त छोड्दै नछोड्नू ।'

राज्यको धनमाथि लुट मच्चाउने गिरोहको कब्जामा स्थायी सरकार अर्थात् कर्मचारी छ । कर्मचारी किन तनाव लिने भन्दै यस्ता अपराधमा मौन बसिदिन्छन् । जनप्रतिनिधि पनि तिनै भगवानको भोटले चुनाव जितिन्छ, तिनै चन्दादाता भगवान हुन् भन्दै बदमासी गर्नेहरुलाई कारबाही त परको विषय, नदेखेजस्तो गरिदिन्छन् । तर एउटा कुशल नेतृत्वले सही समयमा सही ठाउँमा नेतृत्व गर्न पाए कर्मचारी संयन्त्र पनि उनको कमान्डिङमा कसरी कामयाव हुन्छन् भन्ने उदाहरण वीरगंजले देखाएको छ । यसअघि पनि मेयर थिए, प्रशासकीय अधिकृत थिए, चोरी तस्करी थियो, बदमासी थियो ।

सिर्सिया दोहन थियो, माटो तस्करी थियो । सरकारी जग्गा कब्जा थियो । वश समयमा काम गर्नेलाई हामीले हौसला दिँदै जनताका पक्षमा गरेको कामलाई राम्रो र अरु सफलताको कामना भन्दा गर्नेहरुलाई प्रोत्साहन मिल्छ । वीरगंज महानगरको कामलाई यतिखेर सबैले प्रोत्साहित नै गरौँ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# रामनवमी महोत्सव



– राजेश्वर नेपाली

हिन्दू संस्कृतिमा हरेक दिनको आ-आफ्नै महत्व रहेतापनि मर्यादा परुषोत्तम भगवान श्रीरामचन्द्रको जन्म दिन चैत्र १२ गते विहिवार शुक्ल नवमी तिथि हरेक हिन्दुहरुका लागि सबभन्दा महत्पूर्ण त्योहार हो। त्यसैले लाखौं नरनारीहरु रामनवमीको दिन व्रत बसेर आत्मशुद्धि र मोक्ष प्राप्तिको लागि भगवान श्रीरामको पूजा अर्चना गर्दछन् ।

सम्पूर्ण आर्यावर्तको राम मन्दिरहरुमा लाखौंको संख्यामा यात्रीहरुका भीड रहेतापनि प्राचीन मिथिलाको राजधानी जनकपुरधामको राम मन्दिरको आफ्नो विशिष्ट स्थान रहेकाले राम नवमीको अवसरमा स्थानीय रत्न सागर आदि पवित्र सरोवरहरुमा स्नान गरेर राम जानकी मन्दिरहरुमा ठूलो संख्यामा पुग्ने गरेका भएतापनि अचेल यातायातको बढि सुविधा हुन गएकोले राम नवमीको अवसरमा एक दिन मात्र ठूलो भीड हुन्छ ।

अर्द्ध शताब्दी पूर्वसम्म मार्ग शुक्ल पंचमीमा विवाह पंचमी मेला र चैत्र शुक्ल नवमी राम नवमीको अवसरमा तिरहुतिया गाछीमा ठूलो मेला लाग्दथियो र लाखौंको भीड हुने गर्दथियो किनभने अवागमनको असुविधाले धनुषा, महोत्तरी र सर्लाहीका मात्र होइन कि सिन्धुली, रामेछाप, उदयपुर र ओखलढुंगासम्मका मानिसहरु ठूलो संख्यामा पुग्द थिए ।

जनकपुरधाममा अनेक मठ मन्दिरहरु रहेतापनि राम मन्दिर सबभन्दा प्राचीन छ । परम्परागत भनाई अनुसार त्रेतामा मर्यादा पुरुषोत्तम श्रीराम र जनक नन्दनी जानकी (सीता)को विवाह पछि सीताराम अयोध्या जान लाग्दा राजर्षि जनकले पुत्री मोहमा निकै दुःखित हुँदा मर्यादा पुरुषोत्तमले विश्वकर्माजीलाई राम मन्दिर बनाउन लगाएका थिए जहाँ पलक उठाउंदामै उनका साक्षात दर्शन उहांले गर्नु हुन्थ्यो । मन्दिरमा तीन वटा मूर्ति छन् । प्रथम सीता सहित भगवान श्रीराम चारै भाई गरी पांच जनाको पंचायतन मूर्ति, दोश्रो लक्ष्मी नारायण र तेश्रो दशावतारको तीन प्रमुख मूर्तिहरु छन् । त्यसको साथ दोश्रो पंक्तिको उत्तरतिर बद्रीनारायण र दक्षिणतिर महामायाको मूर्ति छन् ।

प्राचीन राम मन्दिर कालक्रमेन ध्वस्त भइसकेपछि त्यहाँ वटवृक्ष उगेर विशाल बन्न गएको थियो ।भारतको उत्तराखण्डको बद्रिका आश्रमका जगत गुरु शंकर स्वामीका तेश्रो शिष्य आनन्द गिरिका शिष्य दुर्गानाथ गिरिका शिष्य चतुर्भुजनाथ गिरिलाई मिथिला दर्शनको विचार जागृत भएपछि उहां सन् १४०८ ई. को महाभूकम्पले खण्डहर भईसकेको जनकपुरधाम पुगेर धनुष सागरमा स्नान गरी वटवृक्ष तल सुतेका थिए ।



उहांलाई भगवान श्रीरामले दर्शन दिनु भई त्यहि उनको मूर्ति पुरिएकोले त्यसलाई उत्खनन गरी पूजा अर्चना गरेमा मानिसको मनोरथ पूरा हुने वचन दिनु भएको थियो ।

महात्मा चतुर्भुजनाथ गिरिले भोलिपल्ट त्यहाँ उत्खनन गर्दा तीन वटा मूर्तिहरु भेटाएका थिए जसमध्ये प्रथम सीताराम चारै भाई समेतको पंचायतनमुर्ति, लक्ष्मीनारायण र भगवानको दशावतार रहेको थियो ।

सिद्ध सन्तले मूर्ति भेटाएपछि पूजा केले गर्ने अप्ठयारो पर्नेछ विचार्दैमा जंगलमा गाई चराउने ग्वालाहरुले मसित रहेको चामल र गुड छ त्यसले पूजा गर्नोस भने पछि उहांले पूजा आरम्भ गर्नु भएका थिए ।

सिद्ध महात्माको पूजनले राढा टाढाका मानिसहरु पुग्न थालेकाले पछि मकनवानपुरका सेन वंशीय राजा मानेक सेनले अष्टदलमा चौध सय विघा जग्गा प्रदान गर्नु भएका थिए जसलाई पछि राजा हेमकर्ण सेनले बढाएका थिए । त्यो हिजेरी सन् १११४ मा प्रदान गरिएको थियो ।

शाहकालीन प्रताप सिंह शाहको शासन कालमा १८३१ सालमा महन्थ रेवा गिरिलाई सेन राजाबाट प्रदान गरिएको जग्गाको संपुष्टि गरिएको थियो । त्यस बेलासम्म मिथिलाका नागरिकहरु शाह वंशीय राजालाई स्वीकार गर्न नसकेर कर तिर्दैन थिए त्यसैले रणबहादुर शाहको शासनकालमा सेनापति अमर सिंह थापाले राम मन्दिर पुर्निर्माणको लागि भनेर जनताबाट रकम उठाएर १८३९ साल फाल्गुण कृष्ण द्वितीया बुधवारको दिन पूजा अर्चना आरम्भ भएको थियो ।

राम मन्दिरको महन्थको परम्परामा चतुर्भुज गिरि पछि रवा गिरि, अम्बर गिरि, अभिलाख गिरि, वसन्त गिरि, विशेश्वर गिरि, इश्वर गिरि, रामलोचन गिरि, रमानन्द गिरि, विश्वनाथ गिरि, अमर गिरि, सन्झा गिरि हुंदै अहिले राम गिरि महन्थ हुनुहुन्छ ।

विशेश्वर गिरिको समय राम मन्दिर निकै प्रसिद्धि पाएको थियो उहांले काठमाण्डौंबाट मिथिला महात्मय र जनकपुरस्य तीर्थादी दुई वटा पुस्तकहरु १९५८ सालमा प्रकाशित गराएर भारतीय तीर्थ स्थलहरुमा दूत पठाएर प्रचार प्रसार गर्दा यात्रीको संख्या बढन थाल्यो तर उनले राणाकालमा ल्याउन खोजेको धार्मिक जागरणले भयभित सत्ताधारीहरुले उनलाई सहन गर्न नसकेर पक्राउ गर्ने सुनेपछि पूजा पाठ गर्नु सट्टा कहाँ प्रशासनिक कोपभाजन बन्ने भनेर मन्दिर छाडेर बद्रिकाश्रम लाग्नु भएका थिए ।

तेरह वर्ष पूर्व २०६६ सालमा राम नवमीको अवसरमा पहिलो पटक पुगेका नेपालका प्रथम राष्ट्रपति डा. राम वरण यादवले दर्शनपछि मन्दिरको अवस्था जानकारी गर्दा चुहिरहेको थाहा पाएर प्रधानमन्त्री र सरकारका अन्य मन्त्रीहरुलाई भनेपछि अहिले त्यसको पुनर्निर्माणको कार्य भए पनि पुर्णता पाएको छैन । वर्तमान जनकपुरधामको सबभन्दा पूरानो सांस्कृतिक महत्वको राम मन्दिरको संरक्षण अत्यावश्यक छ । यस दिशामा सम्वद्ध सबैले ध्यान दिनु पर्दछ र विश्वभरिकै हिन्दूहरुका पवित्र तीर्थ स्थली राम मन्दिर र जानकी मन्दिरलाई पशुपति र लुम्बिनी जस्तै अझ आकर्षक बनाउने इमान्दार सत्प्रयास हुनु पर्दछ।

यस दिशामा राम मन्दिरको जग्गा बिक्रीबाट गुठी संस्थानमा रहेको करोडौं रुपिया राम मन्दिरकै विकासमा लगाउनु आवश्यक छ । अन्यथा अर्बौ रु. को श्रीसम्पति भएर पनि सुन सान उजाड बन्दै गएको राम मन्दिर र राजर्षि जनक कै भूमिको प्रमुख जनक मन्दिर रत्नसागर र अग्निकुण्ड स्थानकै दुरावस्थामा जाने बेर लाग्दैन ।

अतः प्रदेश सरकार र स्थानीय सरकारले विशेष योजनाको साथ अगाडि बढनु आवश्यक छ ।

# शून्य समय : जनताका समस्याबारे ध्यानाकर्षण



प्रतिनिधिसभाको बुधवार बसेको बैठकको शून्य समयमा सांसदहरुले मिटरब्याज पीडितको मागको सम्बोधन, नागरिकता विधेयक र सडक निर्माण लगायतका जनताका दैनिक जनजीवनसँगसम्बन्धीत विषयमा सभामुखमार्फत सरकारको ध्यानार्कषण गराएका छन् ।

बैठकको शून्य समयमा बोल्दै नेपाली कांग्रेसका सांसद गगनकुमार थापाले नागरिकता विधेयक तत्काल पास गर्न माग गर्नुभयो । उहाँले नेपाली नागरिकको बाआमाबाट जन्मेका सन्तानले नागरिकता पाउने संवैधानिक हकका बाबजुद धेरैले नागरिकता पाउन नसकेका बताए । सांसद थापाले भने,“ आफूहरुबीचको विमतिलाई थाती राखेर जन्मसिद्ध नागरिकता र आमाको नाममा नागरिकता पाउने व्यवस्थालाई ध्यानमा राखेर नागरिकता विधेयक पास गर्नुपर्छ । ” यस्तै, सांसद अमरेशकुमार सिंहले मिटरब्याज पीडितको माग पूरा गर्न माग गर्दै भने, “मिटरब्याज पीडितहरु राज्यको ऐना हो, राज्य कसरी सञ्चालन भइरहेको छ भन्ने । ” मिटरब्याजको समस्या पटक-पटक दोहोरिनुको कारण सरकारको गम्भीर ध्यानआर्कषण नहुनु भएको सांसद सिंहको भनाइ थियो ।

नेकपा (एकीकृत समाजवादी)का सांसद अमरबहादुर थापाले दैलेख जिल्लामा २०७२ र २०७९ सालमा भएको प्राकृतिक प्रकोपले क्षति पुराएका बस्ती पुनःस्थापना र व्यवस्थापन हुन नसकेकोतर्फ सरकारको ध्यानार्कषण गराए । शून्य समयमा बोल्दै नेकपा (एमाले)का सांसद अमरबहादुर रायमाझीले उदयपुर जिल्लाको कटारी लगायतका स्थानमा नापीको काम यथाशीघ्र सुरु गर्न माग गरे ।

नेकपा (एमाले)का सांसद अमृतलाल राजवंशीले झापाका किसान र पशुपालन व्यवसायीले आफनो उत्पादन र उपजको उचित मूल्य पाउन नसकेकोप्रति ध्यानार्कषण गराए । नेकपा (एमाले)का सांसद अमृता अग्रहरिले कपिलबस्तु तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न माग गर्नुभयो । उहाँले तिलौराकोटले हजारौँ वर्षको ऐतिहासिक महत्व बोकेको भन्दै विश्व सम्पदा सूचीमा राख्नपर्ने बताए । नेपाली कांग्रेसका सांसद अर्जुन नरसिंह केसीले राष्ट्रिय तामाङ सङ्ग्रहालय निर्माणको माग गर्नुभयो । सांसद अशोककुमार चौधरीले सुनसरीको विभिन्न स्थानमा अलपत्र अवस्थामा रहेको सडकको मर्मत सम्भार र निर्माणमा तीव्रता दिन सरकारको ध्यानाकर्षण गराए । नेकपा (एमाले) को सांसद अस्माकुमारी चौधरीले दाङ घोराही उपमहानगरपालिकाका बस्ती वर्षायाममा बाढीको जोखिममा रहेको भन्दै ध्यानार्कषण गराए । उनले तटबन्ध निर्माण र बस्ती व्यवस्थापनमासमेत ध्यानार्कषण गराउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सांसद असिम साहले एक महिनादेखि मन्त्रालय मन्त्रीविहीन भएको भन्दै मन्त्रिमण्डल विस्तार तत्काल हुनुपर्ने बताए । नेकपा (एमाले)का सांसद ईश्वरबहादुर रिजालले दोलखाका विभिन्न स्थानमा बन्द भएको स्लेट् ढुङ्गाखानी तत्काल सञ्चालन गर्न माग गरे । नेकपा(एमाले) का अर्का सांसद ईश्वरी घर्तीले रोल्पामा चिकित्सकको अभावमा जनताले महँगो शुल्कमा उपचार गर्न बाध्य भएको भन्दै सरकारको ध्यानार्कषण गराए । उहाँले उपचारका लागि केन्द्र धाउन पर्ने बाध्यताको अन्त्य गर्न विशेषज्ञ चिकित्सकको दरबन्दीका लागि माग गरे । उनले जिल्लाका स्वास्थ्य स्वयमसेविकाले राज्यबाट सेवा सुविधा नपाएकोसमेत बताए ।

नेकपा (एमाले)का सांसद महेश बर्तौलाले संसद्मा पटक -पटक संसद्को नियम उल्लङ्घन भएको भन्दै नियमापत्ति जनाए । नेकपा (एमाले)का सांसद एकनाथ ढकालले राष्ट्रिय गौरबका योजनाप्रति सरकारको ध्यानार्कषण गराउँदै बूढीगण्डकी जलविद्युत् आयोजनालाई अन्यौलतर्फ नधकेल्न माग गरे ।

नेपाली कांग्रेसका सांसद कल्पना चौधरीले ठूलो संख्यामा युवा जनशक्ति बेरोजगार भएको चर्चा गरे । नेपाली कांग्रेसका सांसद कान्तिका सेजुवालले विकट स्थानका विद्यार्थीको खाजा खर्च बढाउन माग गरे । कांग्रेसका सांसद सुमदेवी थापाले रुकुमपूर्वको सदरमुकाम २०७४ सालमा तोकिएको नयाँ सदरमुकाम सञ्चालनतर्फ सरकारले ध्यान दिनुपर्ने बताए । नेकपा(एमाले)का सांसद कृष्णगोपाल श्रेष्ठले चीन सरकारको सहयोगमा निर्माण भएको चक्रपथ अलपत्र अवस्थामा भएको भन्दै मर्मत सुधारको नाममा अलपत्र नपार्न माग गरे ।

नेकपा (माओवादी केन्द्र)का संसद् गङ्गा कार्कीले दोलखा जिल्लाको कालीञ्चोक गाउँपालिका वडा पाँचमा रहेका थामी बस्ती जोखिममा रहेको भन्दै सरकारले यसतर्फ ध्यान दिओस भने । नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरीले कमैया प्रथाको मुक्तिको घोषणा गरेर कानुन निर्माण गरे पनि पुनःस्थापना हुन नसकेको बताए । उनले सरकारले आश्वासन मात्र बाँडेको छ भने । राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले धनगढी उपमहानगरपालिकामा छ महिनादेखि स्वास्थ्यकर्मीले पारिश्रमिक नपाएको बताए । नेकपा (माओवादी केन्द) का सांसद छिरिङ डम्डलु लामा(भोटे )ले हुम्ला जिल्लालाई राष्ट्रिय सडक सञ्जालमा जोडन माग गरे । उनले राष्ट्रिय प्रसारण लाइन जोड्न र पर्यटकीय गन्तव्यको रुपमा हुम्ला जिल्लाको विकास गर्नसमेत माग गरे ।

नेकपा (माओवादी केन्द्रं) का सांसद छिरिङ ल्हामु लामाले सङ्घीय कर्मचारी ऐनको अभावमा कर्मचारी व्यवस्थापन र वृत्ति विकासमा भद्रगोल भएको छ भने ।

नेपाली कांग्रेसका सांसद जीवन परियारले देशव्यापी समस्याको रुपमा रहेको मिटरब्याज पीडितहरुको न्यायका लागि तत्काल निर्णय गर्नुपर्ने बताए। उनले मुसहर बस्तीको व्यवस्थापन गर्न समेत माग गरे ।रासस

# मिटर ब्याजपीडितको माग पूरा गर्न सांसदको माग



काठमाडौँ, १५ चैत ।
सांसदहरुले मिटर ब्याजबाट पीडितहरुको माग सम्बोधन गर्न तत्काल ठोस निर्णय गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बुधवारको बैठकमा सांसदहरुले देशका विभिन्न स्थानबाट काठमाडौँमा आई आन्दोलनरत पीडितहरुको न्यायका लागि सरकारको ध्यानाकर्षण गराएका हुन् ।

बुधवारको बैठकको सुरुमा नै सभामुखसँग समय मागेर बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले एकजना मिटर ब्याज पीडित सिरहादेखि १३ दिनसम्म बच्चा बोकी पैदलै हिँडेर काठमाडौँको आन्दोलनमा आएको कुरा उल्लेख गर्दै मिटर उनीहरुको समस्या तत्काल समाधान गर्न सरकासँग माग गरे । उनले पीडितहरुको न्यायका लागि स्थानीय सरकार र केन्द्रीय नेतृत्वबाट पहल हुन नसकेको बताए । उनले भने, 'राज्यका तर्फबाट यस्तो अवस्थामा कसरी समस्या समाधान गर्न सकिन्छ भनेर आवश्यक आर्थिक साक्षरता भएको देखिँदैन । नीति भनेको सम्भावनाको परिकल्पना हो । तर यस्तो सम्भावनाका लागि केन्द्रीय बैङ्कबाट यस्ता क्रियाकलाप किन रोक्न सकिएको छैन ?' समय माग गर्दै बोल्नुभएका राप्रपाका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले मिटर ब्याज पीडितहरुको माग चाँडोभन्दा चाँडो पूरा गरी पीडितहरुलाई न्याय दिन आग्रह गरे । उनले उनीहरुको समस्या बुझ्न जाँदा आफ्नो पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीमाथि दुर्व्यवहार गर्न खोजिएको भन्दै आपत्ति जनाए । सांसद लिङ्देनले कोशी प्रदेशको नामकरणपछि चर्किएको आन्दोलन मुठभेडतर्फ अगाडि बढेकोमा सरकारको ध्यानाकर्षण गराउँदै वार्तामार्फत समाधान खोज्न ध्यानाकर्षण गराए । 'पूर्वमा भइरहेको आन्दोलनप्रति सरकारको धारणा के छ,' उनले भने ।

जनता समाजवादी पार्टीका सांसद रन्जुकुमारी झाले मिटर ब्याज पीडितहरु पैदल हिँडेर अहिले राजधानी आई आफ्नो पीडा पोखिरहेको उल्लेख गर्दै उनीहरुको माग सम्बोधनका लागि सदनबाट एउटा समिति बनाएर काम थाल्नुपर्ने राय प्रस्तुत गरिन् । उनले भनिन्, 'उहाँहरुको प्रतिनिधि हामी सांसद हौँ, उहाँहरु हामीसँग पीडा पोखिरहनु भएको छ । पीडितको माग पूरा गर्ने सम्बन्धमा संसद्सहितको समिति बनाउन माग गर्दछु ।' सांसद झाले केही एयर होस्टेजहरुमाथि कार्यस्थलमा हुने यौनहिंसाप्रति सम्बन्धित निकायको ध्यानाकर्षण गरे । आम जनता पार्टीका प्रभु साहले मिटरब्याज पीडितहरुको आन्दोलन चर्किरहेकाले उनीहरुको समस्या तत्काल समाधान गर्न सभामुखमार्फत सरकारलाई रुलिङको माग गरे । उनले भनिन्, 'काठमाडौँ आएका मात्र होइन देशभित्र लाखौँ मान्छे मिटरब्याजबाट पीडित छन् । बर्सेनि कुरा उठ्ने तर समाधान नखोजिको यो समस्यामा यही संसद्बाट ठोस निर्देशनका लागि माग गर्दछु ।'उनले बैंकले ऋण उपलब्ध नगराउँदा नागरिक चर्को ब्याजदरमा मिटर ब्याजबाट ऋण लिन बाध्य भएको बताउँदै कर्जा प्रवाहका विषयमा लघुवित्त र बैंकहरुमा विद्यमान बेथितिको निराकरणका लागि ठोष कानुनको आवश्यकता रहेको बताइन् । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले देशको राजस्वले कर्मचारीलाई तलब दिन नपुग्ने अवस्थामा अर्थतन्त्रलाई कमजोर बताउने सरकारका अहिलेसम्मका मन्त्रीहरुले सदनलाई जवाफ दिनुपर्ने बताए । उनले वीर अस्पतालमा लामो समयदेखि क्यान्सर उपचारको उपकरण बिग्रिएर थन्किँदा जनतालाई मार परेको भन्दै सरकारको ध्यानाकर्षण गराए । साांसद सुवालले कोशी प्रदेशको नामकरणपछि भएको आन्दोलन वार्तामार्फत समाधान गर्न समेत सरकारको ध्यानाकर्षण गराए ।

नेकपा एमालेका सांसद शोभा ज्ञवालीले बर्दिया जिल्लाको राष्ट्रिय निकुञ्ज नजिकका बस्तीका स्थानीय जङ्गली जनावरको आक्रमणको जोखिममा परेकोप्रति सरकारको ध्यानाकर्षण गराइन् । उनले भनिन्, 'निकुञ्जका जनावरले दैनिक रुपमा दुईतीनजना स्थानीय जनतालाई आक्रमण गरिरहेको छ । बालीनालीको समेत नाश गरेको छ । त्यहाँ तत्काल पक्की पर्खाल निर्माण गर्न माग गर्दछु ।' नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले मिटर ब्याजपीडितको माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराउँदै भने, 'न्यायको माग गर्दै पीडितहरु काठमाडौँसम्म आउन बाध्य छन् । देशभरका अन्य पीडितहरु काठमाडौँ आउँदैहुनुहुन्छ भन्ने सुनेको छ ।

न्याय पाउन काठमाडौँ नै धाउनुपर्ने सम्झौता हुने कार्यान्वयन नहुने अवस्थाको अन्त्य हुनुपर्छ । यो न्यायपूर्ण समाजमा स्वीकार्य हुन सक्दैन ।' सांसद पौडेलले मिटर ब्याजलाई गम्भीर अपराधका रुपमा हेर्न माग गर्नुभयो ।

उनले कानुनको मस्यौदा मन्त्रालयमा नै थन्किँदा किसानको घरजग्गा लिलामी भएको बताए । समय मागेर बोल्दै नेकपा एमालेका सांसद रघुजी पन्तले कार्यसूची परिवर्तनप्रति आपत्ति जनाए । उनले प्रतिनिधिसभाको बुधवारको बैठकको पूर्वतयारी कार्यसूची किन हटाइयो भन्ने प्रश्न गरे ।

उनले भने, 'बैठकको पूर्वनिर्धारित कार्यसूची किन हटाइयो ? हामीले अध्ययन तयारी गरेर आएका विधेयक अहिले कार्यसूचीबाट किन हटाइयो,' उनले भने ।

# आर्थिक प्रशासन अलमलमा पर्ने आशंका




काठमाडौँ, १५ चैत ।
मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुँदा बजेट प्रशासनसँग जोडिएका अधिकांश काम हाल सञ्चालन हुन सकेका छैनन् । एकातर्फ चालु आर्थिक बर्षको बजेट कार्यान्वयनले गति लिन सकेको छैन भने अर्कोतर्फ आगामी आर्थिक वर्षको बजेट निर्माणको प्रक्रियामा समेत ढिलाइ हुन पुगेको देखिएको छ । बजेट तर्जुमा प्रक्रियासँग जोडिएका अधिकांश विद्यमान कानुनी व्यवस्था पूरा गर्नुपर्ने क्यालेन्डर पनि समयअनुसार सञ्चालनमा आउन सकेको छैन । सरकारले पूर्णता पाउन नसक्दा आर्थिक प्रशासनमा अलमल देखिएको र यसले बजेट क्यालेन्डरमा नै असर गर्न सक्ने त्रास बढाएको जानकारहरुको भनाई छ ।

आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट ल्याउन अब ६० दिन र बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता ल्याउन ४५ दिन मात्र बाँकी छ । बजेटसँग सबैभन्दा बढी जोडिने अर्थ मन्त्रालयसहित १६ वटा मन्त्रालय अझै पनि मन्त्रीविहीन छन् । सरकारमा सहभागी दलहरूले न्यूनतम साझा कार्यक्रम ल्याउने तयारी गरिरहँदा वार्षिक बजेट र नीति तथा कार्यक्रम निर्माणका कामहरुको टुंगो अझै छैन ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११ ले विषयगत मन्त्रालयहरूका लागि मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियासँगै समयसीमा पनि तोकिदिएको छ । मन्त्रालयहरूले आयोजना तथा कार्यक्रमको विवरण, प्रति एकाइ लागत, कार्यान्वयन अवधि, अपेक्षित प्रतिफल, त्यसको प्रभाव र असरलगायतका विवरण फागुन मसान्तभित्र योजना आयोग र अर्थ मन्त्रालयलाई बुझाइसक्नुपर्छ । तर मन्त्रालयले यी विवरण अझै बुझाउन सकेका छैनन् ।

त्यसैगरी आगामी आर्थिक वर्षका लागि मन्त्रालयहरूले पाएको बजेट सीमा (सिलिङ) का आधारमा आफ्ना योजना तथा कार्यक्रमहरु चैत २५ गतेसम्म मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआइएस) मा प्रविष्ट (इन्ट्री) गरिसक्न अर्थ मन्त्रालयले पत्राचार गरिसकेको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ ले सङ्घ सरकार, प्रदेश र स्थानीय तहबीच अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न अर्थमन्त्रीको संयोजकत्वमा हरेक वर्ष चैतमा अनिवार्य रुपमा अन्तर सरकारी वित्त परिषद् रहने व्यवस्था गरेको छ । तर परिषद्को बैठक बस्न सकेको छैन ।मुलुकको अर्थतन्त्र सङ्कटग्रस्त अवस्थामा पुगिसकेको भनेर राजनीतिक दलका नेता, अर्थविद् र सरकारी निकायहरुले भनिरहेका बेला मुलुकको आर्थिक प्रशासन भने आफैँ अलमलमा परेको जस्तो देखिएको छ ।

विद्यमान कानुनी व्यवस्थाअनुसार सरकारले आगामी वैशाख मसान्तभित्र आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता ल्याइसक्नुपर्छ भने जेठ १५ गतेसम्म वार्षिक बजेट ल्याइसक्नुपर्छ ।

बजेट र वार्षिक नीति तथा कार्यक्रम ल्याउन निकै छोटो समय बाँकी रहेको छ तर सरकारमा जाने दलहरु न्यूनतम साझा कार्यक्रम बनाउने र त्यसपछि मात्रै मन्त्रिपरिषद् विस्तार गर्ने तयारीमा रहेका छन् । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकतालाई अहिले सरकारमा जाने दलहरुले तय गर्ने न्यूनतम साझा कार्यक्रमले दिशानिर्देश गर्ने भएकाले यो आवश्यक रहेको पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई बताउँछन् ।

'न्युनतम साझा कार्यक्रम भनेको दलहरूको भयो । सरकारको फरक हुन्छ । यसकै आधारमा सरकारले वार्षिक नीति तथा कार्यक्रम बनाउने कोसिस गर्छ । यी दुई फरक विषय हुन् । तर अन्तरसम्बन्धित पनि हुन्छन,' उनले भने ।

दलहरुको साझा प्रतिबद्धताले सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटलाई सैद्धान्तिक र वैचारिक रुपमा दिशानिर्देश गर्ने उनको भनाइ छ । वार्षिक नीति तथा कार्यक्रम र बजेट बनाउँदा सरकारले अन्य प्राथमिकताहरु, साधन स्रोतहरुलगायतका विषयलाई आधारमा बनाउनुपर्नेहुन्छ । सरकारको न्यूनतम साझा कार्यक्रम जतिसक्दो चाँडो ल्याउन प्रयास भइरहेको र एक दुई दिन भित्रमा सार्वजनिक भइसक्ने पनि भट्टराईले बताए ।सरकार विस्तारको ढिलाइले विषयगत मन्त्रालयहरुको बजेट निर्माण प्रक्रिया अस्तव्यस्त भइरहँदा सत्ताधारी दलहरुले अहिले ल्याउने न्यूनतम साझा कार्यक्रमको कुनै ठूलो अर्थ नरहने पूर्वअर्थसचिव रामेश्वर खनाल बताउँछन् ।

'अहिले सरकारको न्यूनतम साझा कार्यक्रम ल्याउन आवश्यक छैन । किनभने चालु आर्थिक वर्षको बजेट ल्याउँदा प्रधानमन्त्री नेपाली कांग्रेसबाट र अर्थमन्त्री नेकपा (माओवादी केन्द्र) बाट थिए ।

अहिले कांग्रेस र माओवादी केन्द्रकै सरकार बन्ने अवस्थामा न्यूनतम साझा कार्यक्रम त्यति आवश्यक छ जस्तो लाग्दैन,' उनले भने, 'सरकारमा केही नयाँ दलहरु पनि जोडिएकाले न्यूनतम साझा कार्यक्रम ल्याउन खोजेको हो भने पनि त्यसको आयु करिब डेढ महिना मात्रै हो । वैशाख मसान्तमा त सकारकारको नीति तथा कार्यक्रम पेस गर्नैपर्ने हुन्छ ।'
विषयगत मन्त्रालयमा मन्त्री नहुँदा बजेट कार्यान्वयन र तर्जुमासँग जोडिएका धेरै विषय अड्किने खनाल बताउछन । 'क्षेत्रगत मन्त्रालयमा मन्त्री छैनन् भने सचिवहरुले प्रधानमन्त्रीको तहमा गएर छलफल गर्न नपाउने अथवा प्रधानमन्त्रीले नै नभ्याउने अवस्था हुनसक्छ ।

मन्त्री नभएका मन्त्रालयहरुमा बजेट तर्जुमा कठिन हुन्छ । किनभने मन्त्री नभइकन कतिपय कुराहरु टुङ्ग्याउन पाइँदैन । मन्त्रालयहरुले चैत मसान्तभित्रमा टुङ्ग्याउनै पर्छ । त्यहाँ दुई हप्ता जतिको मात्रै समय बाँकी छ,' उनले भने । बजेट निर्माणका प्रारम्भिक चरणका अर्थमन्त्रीको भन्दा अर्थ सचिव र राष्ट्रिय योजना आयोगको बढी भूमिका रहने पनि खनाल बताउछन् ।

राष्ट्रिय योजना आयोगबाट बजेट सिलिङ पाएका मन्त्रालयहरु मन्त्री नै नभएपछि वार्षिक योजना तथा कार्यक्रम कसरी तयार पार्ने भन्ने अलमलमा छन् । अर्कोतर्फ अर्थ मन्त्रालय पनि बजेट क्यालेन्डरमा तोकिएको समय घर्किँदै जान थालेपछि त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्नेमा स्पष्ट हुन सकेको छैन। 'सबै मन्त्रालयहरुलाई चैत २५ गतेसम्ममा योजना तथा कार्यक्रमको विवरण एलएमबीआईएसमा इन्ट्री गरिसक्नु भनेर अर्थमन्त्रालयबाट पत्राचार भइसकेको छ । त्यो सकिएपछि उनीहरुसँग छलफल सुरु हुन्छ,' अर्थ मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले भने । बजेट तर्जुमा दिग्दर्शन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा भएका व्यवस्थाअनुसारको बजेट क्यालेन्डर यस वर्ष बन्न नसकेको पनि उनी स्वीकाछन ।

यी कानुनी व्यवस्थामा भएका प्रावधानअनुसार गएको अवस्थामा अहिले बजेट निर्माणको प्रक्रिया सबै विषयगत मन्त्रालयहरुसँग छलफलको चरणमा पुगिसके हुने उनको भनाइ छ ।सङ्घीय सरकारले बजेट निर्माणका क्रममा प्रदेश र स्थानीय तहसँग पनि समन्वय र सहकार्य गर्नुपर्नेहुन्छ । सङ्घीय अनुदानका रुपमा तल जाने बजेट र त्यहाँ कार्यान्वयन हुने योजना तथा कार्यक्रमबारे केन्द्र सरकारले प्रदेश र स्थानीय तहसँग छलफल गर्नुपर्ने हो । त्यसैका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले अन्तर सरकारी वित्त परिषद्को व्यवस्था राखेको छ ।

ऐनले 'परिषद्को बैठक प्रत्येक वर्षको चैत महिनामा एकपटक र अन्य बैठक संयोजकले तोकेको मिति र समयमा बस्नेछ' भनी उल्लेख गरेको छ । तर अर्थमन्त्रीको संयोजकत्वमा बस्नुपर्ने यो बैठकको अझै टुङ्गो छैन । प्रदेशका अर्थमन्त्री, गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष र नगरपालिका प्रमुख वा उप्रमुखबाट प्रत्येक प्रदेशबाट एकजना महिलासहित दुईजना प्रतिनिधित्व हुनेगरी प्रदेशले सिफारिस गरेको १४ जना, वित्तसम्बन्धी विज्ञमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिलासमित तीनजना यो परिषद्मा रहन्छन् ।

# 'उज्ज्वल सपना' मोबाइल एप सार्वजनिक





पाटन, १५ चैत ।
प्रवासी कामदारलाई लक्षित गरेर गैरसरकारी संस्था इसरा नेपालले 'उज्ज्वल सपना' मोबाइल एप सार्वजनिक गरेको छ ।

सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालद्वारा ललितपुरमा आयोजित कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव राजीव पोखरेल र इसरा इन्स्टिच्युटकी कार्यकारी निर्देशक डा लिजा रेन्डी टेलरले संयुक्त रूपमा एप सार्वजनिक गरेका हुन । 'उज्ज्वल सपना' प्रवासी कामदार र वैदेशिक रोजगार खोजी गर्नेहरुका लागि श्रम कानुन र अधिकार, मेनपावर कम्पनी, रोजगारदाता, सेवा प्रदायक, दैनिक अद्यावधिक गरिएका सूचना तथा समाचारसहित विस्तृत जानकारी दिने उद्देश्यले तयार पारिएको स्मार्टफोन एप हो । यो एपमा बर्मेली, खमेर र नेपाली भाषामा नेपाल र गन्तव्य मुलुकका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

कार्यक्रममा सहसचिव पोखरेलले नेपालीका लागि वैदेशिक रोजगारी बाध्यता भएको बताए । 'जबसम्म हामीले उत्कृष्ट आन्तरिक रोजगारी सृजना गर्न सक्दैनौँ, तबसम्म वैदेशिक रोजगारीमा भर पर्नुपर्ने बाध्यता भएकाले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउनु आवश्यक छ,' उनले भने । सहसचिव पोखरेलले सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषको दायरामा ल्याउनुपर्ने भन्दै विदेशमा सिकेका सीप प्रयोग गरेर नेपालमा रोजगारी प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए । उनले श्रमिकमैत्री वैदेशिक रोजगार ऐन बनाउन मन्त्रालयले गृहकार्य गरिरहेको बताउँदै पाँच वर्षे रणनीति तयार गरेर काम अगाडि बढाइएको जानकारी दिए ।

आप्रवासन विज्ञ केशव बस्यालले कामका लागि नेपालबाट वार्षिक २० देखि २५ प्रतिशत मानिस बाहिर जाने गरेको र सोही अनुसार प्रतिफल प्राप्त नभएको बताए । दक्षिण एसियाली क्षेत्रीय ट्रेड युनियन काउन्सिलका महासचिव लक्ष्मण बस्नेतले सरकारको मापदण्ड के हो भन्ने कुरा पनि एपमा समेटिनुपर्ने बताए । नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्यले कामदार पठाउन कामदारको माग लिन मेनपावर कम्पनीहरुबीच भएको अस्वस्थ प्रतिस्पर्धाले मजदुर मारमा परेको बताए ।नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) का अध्यक्ष विनोद श्रेष्ठले वैदेशिक रोजगारको क्षेत्रमा पारदर्शिताको कुरा मात्रै भएको तर काम नभएको बताए । सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालका अध्यक्ष हरिबहादुर कार्कीले यो एपले सबैलाई एउटै स्थानमा ल्याउन सहयोग पुऱ्याउने बताएका थिए । अखिल नेपाल ट्रेड युनियन महासङ्घका उपाध्यक्ष धनबहादुर विकले श्रमिकको जिन्दगीलाई उपयोग गर्दै पेसा बनाएर राजनीति गर्न नहुने भनाइ राखेका थिए ।

# मौरीमा आत्मनिर्भर बन्दै मालारानीका कृषक



गुल्मी, १५ चैत ।
मुसिकोट नगरपालिका-८ मालारानीका कृषक यतिबेला व्यावसायिक मौरीपालनबाट आत्मर्निभर हुन थालेका छन् । तीन वर्षअघि कृषि ज्ञान केन्द्रको सहयोगमा 'सालीमे मौरी स्मार्ट कृषि गाउँ कार्यक्रम' लागू भएपछि यहाँका कृषक व्यावसायिक मौरीपालनतर्फ उन्मुख बनेका हुन् ।

उक्त नगरपालिकाको वडा नं ८ र ९मा सञ्चालित कार्यक्रममा यतिबेला ५० कृषक आबद्ध छन् । समूहमा आबद्ध भएर व्यावसायिक मौरीपालन गर्दै आएका कृषकको हरेक घरमा न्यूनतम आठदेखि एक सय ५०सम्म मौरीका घार छन् । मौरीपालक कृषकलाई व्यावसायिक बनाउँदै कृषकहरुको जीवनस्तर माथि उठाउने उद्देश्यले कार्यक्रम लागू गरिएको केन्द्रका प्रमुख नवराज भण्डारीले बताउनुभयो । सो कार्यक्रमका लागि उक्त केन्द्रमार्फत चार वर्षको अवधिमा एक करोड २५ लाख रुपैयाँ अनुदान उपलब्ध गराउने भएकामा पहिलो वर्ष ५० लाख, दोस्रो वर्ष ३७ लाख ५० हजार, तेस्रो वर्ष २५ लाख र चौथो वर्ष १२ लाख ५० हजार रुपैयाँ मौरीपालक कृषकलाई अनुदान उपलब्ध गराउँदै आइएको छ ।

कार्यक्रमअन्तर्गत मौरी पकेट समूहका अध्यक्ष चुमा घर्तिमगरको दिन अहिले बिहानदेखि बेलुकासम्म मौरीसँग रमरै बित्ने गर्दछ ।

उनको घरमा अहिले एक सय ५० मौरीका घार छन् । उनले ती घारबाट एकै याममा छ क्विन्टलसम्म मह उत्पादन गर्दै आएका छन् । चुमाजस्तै मालारानीका खुमकुमारी छन्तेल, मोहन छन्तेल र अर्लाङ्कोटका टोपनारायण खरेललगायत कृषकले पनि एकै याममा मह बिक्रीबाट जनही एक लाख रुपैयाँ भन्दा बढी आम्दानी गर्दै आएको जानकारी दिए । कृषि ज्ञान केन्द्रले समय समयमा कृषकलाई मौरीपालन गर्ने तरिकाका बारेमा जानकारी गराउनाका साथै मौरीमा देखिने रोगकीराको पहिचान तथा क्षमता अभिवृद्धिलगायत तालिम दिँदै आएको उक्त कार्यक्रमका संयोजक हरिप्रसाद आचार्यले जानाकारी दिए । मालारानीमा उत्पादित मह विभिन्न वनस्पति र फूलहरुको रसबाट उत्पादन भएको, विषादीरहित तथा प्राङ्गारिक भएका कारण पनि बजारमो धेरै माग हुँदै आएको छ । यहाँको मह स्थानीय बजारमा अहिले प्रतिकिलो एक हजार पाँच सय रुपैयाँमा बिक्री हुँदै आएको छ । मालरानीलाई मौरीको पर्यटकीय गन्तव्य स्थलका रुपमा विकास गर्न यहाँका कृषकले आउँदो वैशाख ४ गते मह दिवस मनाउने भएका छन् ।

# दलहरु बस्ती पसेपछि जनतामा उत्साह



महोत्तरी, १५ चैत ।
चुनाव सकिएपछि दलका नेता गाउँ/नगर बस्तीमा भेटिदैनन् भन्ने मान्यता महोत्तरीका आमजनताले फेर्दैछन् ।
'न चुनाव छ, न ठूलाबडा मन्त्रीका लावालश्करको सवारी छ, यसबेला पनि नेपाली कांग्रेस, नेकपा एमालेका नेता कार्यकर्ता हालचाल सोध्दै आएका छन,' महोत्तरीको सुदूरदक्षिण पश्चिमी बस्ती सोनमा गाउँपालिकाको मगरथाना बस्तीका रामदेव रायले भने, 'दलका नेता आएर हालचाल सोध्ने र गुनासो सुनी दिँदा पनि कोही छन् भन्ने लाग्दोरहेछ ।'
अहिले कांग्रेस महोत्तरीले जारी राखेको 'पदयात्रा' र एमालेको ' मिसन ग्रासरुट' अभियानका क्रममा दुबै दलका नेता बस्तीमा भेटिएपछि सर्वसाधारण मन फुकाएर गुनासो गरिरहेका भेटिन्छन् । 'गाली केही हैन नि ! आएनन्, हाम्रो कुरा सुनी दिएनन् भन्ने न गुनासो हो,' गौशाला-७ मनरवाका ७० वर्षीय चन्देश्वर महतो भन्छन्, 'अहिले भने भोट माग्न हैन, हाम्रो हालचाल नै सोध्न, बुझ्न आएजस्तो लागेको छ।' 'पदयात्रा' र 'मिसन ग्रासरुट' अभियानका क्रममा गाउँ/नगर बस्ती पसेका दलका नेताहरुबारे आम जनताको सकारात्मक प्रतिक्रिया सुनिन्छ ।
'चुनाव नजिकिएपछि 'ल त हामी तिम्रै त हौँ' भन्दै गाउँघरमा देखिने, चुनाव सकिएपछि कुनै काम पर्दा खोजी मर्दा नेता नभेटिने परिपाटी नै बसेजस्तो भा'थ्यो,' गौशाला-५ का ६५ वर्षीय गङ्गानारायण श्रेष्ठ भन्छन्, 'अहिले त मुख्य भनिने दल कांग्रेस र एमालेका जिल्लाका चिनिएका नेता सबै गाउँ बस्तीमै भेटिदैछन्, हामीले मन फुकाएर गुनासो गर्न पा'का छौँ ।' कांग्रेस महोत्तरीले गत शनिबार जिल्लाभरको 'पदयात्रा' अभियान सुरु गरेको छ । जिल्लाको सुदुर उत्तरवर्ती खयरमाराबाट सुरु यस अभियानमा दलका जिल्लाभित्रका ३० अगुवा नेता सहभागी छन् । पदयात्रा अघिल्लो जुन बस्तीमा पुग्छ, त्यहाँका पार्टी सदस्य सहभागी हुँदै सर्वसाधारणसँग भेटघाट गर्दै स्थानीय गुनासो सुन्दै पदयात्री हिँडेका छन् ।
'हामी यात्राका क्रममा जुनजुन बस्ती पस्छौँ, आम जनता आफ्ना समस्या सुनाउँछन्, पदयात्राका क्रममा जनतासँग एकाकार हुँदैछौँ भन्ने लागिरहेको छ,' पदयात्रामा सहभागी कांग्रेसको महोत्तरी-३ बाट महासमिति सदस्य बजरङ नेपाली भन्छन्, 'साँझ/बिहान चियाखाजा खाने ठाउँ, खाना र बास बस्ने ठाउँमा झन् खुलेर आम जनताले कुरा राख्दैछन्, जनतासँगको उठबस रमाइलो छ।'
चैत ११ गतेदेखि २५ गतेसम्मको 'पदयात्रा' मा जिल्लाका १५ वटै स्थानीयतहका बस्ती पुगिने गरी तालिका बनेको छ । 'जनतासँग भेट्ने, जनताले दिएको नै खाने र बास बस्ने ठाउँमा कार्यकर्ता र जनतासँग स्थानीय समस्याबारे कुरा हुन्छ,' कांग्रेस जिल्ला सभापति नागेश्वर यादव भन्छन्, 'यो पदयात्राले जिल्लाभित्रका अहिलेका मुख्य समस्याबारे अवगत हुँदैगएको छ ।'
अभियानका क्रममा जिल्लाका १५ स्थानीयतहका दुई भन्दा बढी बस्ती पुगिने यादवको भनाइ छ । चैत २५ गते जिल्ला सदरमुकाम जलेश्वरमा समापन गरिने यो पदयात्रा कार्यक्रममा चियाखाजा, दिउँसोको खाना, रात्रिको खाना र बाँसका ठाउँ पूर्वनिर्धारित छन् । 'पदयात्रा'बारे जनताको चासोले पार्टीले गर्नपर्ने अबका कामबारे निर्देशित गर्ने सहभागी बताउँछन् ।
कांग्रेसको पदयात्रासँगै अर्को मुख्य दल नेकपा एमाले पनि अहिले ' मिसन ग्रासरुट' अभियानका साथ बस्तीबस्ती पसेको छ । मुख्यत सङ्गठन सुदृढिकरण र विस्तारको कार्यभारसहित फागुन-५ गते सुरु भएको दुई महिने यो अभियानमा पार्टीका उपल्लोतहदेखि आधार भूत तहसम्मका कार्यकर्ता परिचालित रहेका एमाले जिल्ला अध्यक्ष कालीचन्द्र साह बताउछन् । पार्टीमा सङ्गठित सबैलाई परिभाषित जिम्मेवारी दिइएको साहको भनाइ छ ।
नेकाको 'पदयात्रा' र एमालेको ' मिसन ग्रासरुट' अभियानले मुख्य दुई दलका नेता बस्ती केन्द्रित भएपछि जिल्लाका सबैजसो बस्तीमा अहिले राजनीतिक चहलपहल बढेको छ । 'गुनासोसहित फेरि पनि भरोसा त यिनैमाथि छ, यी जनताकहाँ पुग्न छाडे, ठाउँ बिर्से भन्ने गुनासो गरिएको न हो,' भङ्गाहा-४ का बासिन्दा पूर्वशिक्षक (सेवानिवृत) रघुवीर साह भन्छन, 'यी जनतानेर पुग्दैछन्, गुनासो सुन्दैछन् भने त ठिक हुँदैछ, अरु दल पनि यसैगरी आआफ्ना अभियानसाथ बस्ती पसुन्, यसले स्थानीय समस्याको सम्बोधनमा सहयोग पुऱ्याउने छ ।' जनताले सुखदुःखमा साथ खोज्नु स्वभाविक भएको हुँदा अहिले सुनिने गुनासोले जनतासँगै जोडिन प्रेरित गरेको 'मिसन ग्रासरुट' मा गौशालाका लागि खटिनु भएका एमालेका मधेश प्रदेश कमिटी सदस्य गुञ्ज खड्का बताउछन् ।
आम रुपमा कृषि नै जीवनको मुख्य आधार रहेको जिल्लाका बस्तीमा सर्वसाधारणले गर्ने गुनासोमा खेतीपातीसम्बद्ध सुविधाकै कमीका कुरा पर्छन् । 'स्थायी र भरपर्दो सिञ्चाइ सुविधा छैन, समयमा बीउ, मल पाउँदैनौं, किसानका लागि सहुलियत भनिएका कुरा पनि टाठाबाठाले कुम्लयाउँछन्, चाहिएको बेला सरलसुलभ ऋण पाइँदैन,' आम जनताले गरेका गुनासा बढी यस्तै पाइएको कांग्रेसका महासमिति सदस्य नेपाली बताउछन् ।

# गठबन्धन सरकारले पाँच वर्ष पूरा गर्छ : प्रधानमन्त्री

काठमाडौँ, १५ चैत ।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफू नेतृत्वको गठबन्धन सरकारले पाँच वर्षे कार्यकाल पूरा गर्ने बताएका छन् ।
काठमाडौँ महानगरपालिकाको आयोजनामा बुधवारदेखि सुरु भएको न्यायिक समिति राष्ट्रिय सम्मेलनमा कामपाको प्रमुख बालेन्द्र साहले केन्द्र सरकार लामो समय टिकिरहे स्थानीय तहलाई काम गर्न सजिलो हुने भनेपछि प्रधानमन्त्री दाहालले उक्त जवाफ दिएका हुन् ।




प्रधानमन्त्री दाहालले निर्वाचनपछि लगातार आफ्नै नेतृत्वमा सरकार अगाडि बढिरहेको भन्दै उहाँले पाँच वर्षसम्म सरकार अस्थिर नहुने प्रष्ट पारे । प्रधानमन्त्री दाहालले संविधानले परिकल्पना गरेको समाजवादको आधार तयार पार्ने मुख्य जिम्मेवारी पनि स्थानीय तहको हो भन्दै संविधानको मर्म र भावनअनुरुप समाजवादको आधार तयार पार्नसमेत न्यायिक समितिको महत्वपूर्ण भूमिका रहने बताए ।
नागरिकको मनमा सरकार भन्ने वित्तिकै स्थानीय जनप्रतिनीधि र कर्मचारी अग्रपङ्तिमा आउने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नागरिकलाई अपनत्व बोध गराउनेगरी स्थानीय तह र जनप्रतिनिधिले काम गर्नुपर्ने सुझाव दिए । साथै प्रधानमन्त्री दाहालले संविधान र कानुनको व्यवस्था बमोजिम काम गर्न सबै स्थानीय तहलाई जनताका काम गर्न आग्रह गरे ।
न्यायिक समितिमार्फत हुने न्याय निरुपणले सेवाग्राही आर्थिक भारबाट मुक्त हुने, सामाजिक एकता कायम हुने, झनझटमुक्त न्याय प्राप्त हुने हुँदा यसको थप व्यवस्थापको लागि केन्द्र सरकारले विशेष ध्यान दिने उनले प्रतिबद्धता व्यक्त गरे । न्याय सम्पादनमा स्थानीय तहको एकरुपता कायम गर्न, अनुभवको आदानप्रदान गर्न, केन्द्र सरकासँग समन्वय गर्न र समस्याको केन्द्रीकरण र समाधानको साझा प्रयासका लागि यस्ता सम्मेलन थप प्रभावकारी हुने प्रधानमन्त्री दाहालको विश्वास छ ।
कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले जनताको चाहाना र आवश्यकताअनुसार काम गर्न स्थानीय तहलाई आग्रह गरे । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठले सेवाग्रहीलाई सेवा दिने सन्दर्भमा स्थानीय सरकार थप जिम्मेवार बन्नुपर्ने धारणा राखे । कार्यक्रममा कामपाका प्रमुख साहले स्थानीय तहबाटनै पीडितले न्याय पाउने वातावरण सृजन गर्न सबै न्यायिक समितिलाई शुभकामना दिए ।कार्यक्रममा न्यायिक समिति संयोजक तथा कामपाको उपप्रमुख सुनिता डङ्गोलले कामपाले देशभरकै स्थानीय तहमा न्यायसम्पादनको अनुभव आदानप्रदान गर्ने उद्देश्यसहित सम्मेलन आयोजना गरिएको जानकारी दिइन् ।
सम्मेलन भोलिसम्म सञ्चालन हुनेछ । सम्मेलनमा देशभरिका पाँच सय ५० जना जनप्रतिनिधि सहभागी छन् ।

# पूर्वराजदूत पत्नी रेणु ठगी आरोपमा पक्राउ

मधेशदृष्टि
काठमाडौ, १५ चैत ।
ठगी आरोपमा पूर्वराजदूतका पत्नी रेणु कुमारी थापा (बस्न्यात) लाई प्रहरीले पक्राउ गरेको छ । आरोपी पूर्वराजदूत निरन्जनमान सिंह बस्न्यातकी पत्नी हुन् । रोक्का भैसकेको जग्गाको बैना लिएर ठगेको आरोपमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसएसपी दानबहादुर कार्कीले बताएका छन् । आरोपीलाई प्रहरी वृत्त बानेश्वरमा राखिएको छ । पीडितको जाहेरका आधारमा उनलाई पक्राउ गरिएको एसएसपी कार्कीले बताए ।
आरोपी रेणुले ठिमीमा रहेको १ रोपनी चार आना जग्गा रामेछापका भुवन विक्रम घिमिरेलाई बेच्ने भनेर ७५ लाख रूपैयाँ बैना लिइन् । २०७६ माघमा जग्गा किनेबेच गर्ने सहमति भएको थियो ।
त्यसपछि घिमिरेले ७ फागुनमा ७५ लाख रूपैयाँ थापालाई दिएका थिए । तर, सो जग्गा पास गर्न रेणुले आनाकानी गर्दा कोरोना महामारीको समयमा घिमिरेले जग्गामा पुग्न २४ लाख खर्चेर बाटो समेत बनाएका थिए । जग्गाको बैना गर्दा पूर्वराजदूत बस्न्यात र एकजना साक्षी बसेका थिए ।
जग्गाबारे कुरा गर्दा कुटपिट समेत गर्दै आएको उजुरीकर्ता घिमिरेले बताए । पछि बस्न्यात परिवार अमेरिका गएका थिए । अमेरिकामा डेढ वर्ष बसेर नेपाल फर्किएका थिए । नेपाल फर्किएपछि आफुले जग्गाबारे कुरा गर्दा धम्की दिने गरेको बताए । जग्गा मालपोत कार्यालयमा विगत ६ वर्षदेखि रोक्का गरेको राखेको पाइएको प्रहरीले जनाएको छ ।
जग्गा प्रति आना १७ लाख २५ हजार रूपैयाँका दरले एक रोपनी चार आना तीन पैसा तीन दाम जग्गा ३ करोड ६१ लाख १७ हजार १८७ रूपैयाँमा बिक्री वितरण गर्ने सहमति भएको थियो । त्यसका लागि घिमिरेले ७५ लाख रूपैयाँ बैना दिएको बताए । बैना दिएपछि जग्गामा बाटो बनाउन आफूले थप २४ लाख रूपैयाँ खर्च गरेको तर, अन्तिममा जग्गा आफ्नो नाममा नगरेपछि प्रहरीमा उजुरी गरेको उनको भनाइ छ। पहिलो किस्तामा ७५ लाख बुझाएको र दोस्रो किस्तामा एक करोड रूपैयाँ बुझाउने गरी सहमति भएको थियो । पैसा २०७७ को वैशाख महिनाभित्रमा बुझाउने भन्ने थियो ।
त्यसपछि तेस्रो किस्तामा बाँकी रहेको १ करोड ८६ लाख १७ हजार १ सय ८७ रूपैयाँ बुझाउने गरी सहमति भएको देखिन्छ । पैसा २०७७ को जेठ महिनाभित्रमा बुझाउने भनिएको थियो । जग्गाको सम्पूर्ण रकम जम्मा गरेपछि नामसारी गराइदिने सहमति भएको थियो । प्रहरीले आरोपीविरुद्ध ठगी मुद्दामा अनुसन्धान थालेको छ ।

## आमनागरिकको भेषमा ................................

लागि उभिन्थे । यस्तो अवस्थामा अस्पतालमा भइरहेको लापरवाही र कमीकमजोरी बारे थाहा पाउनै मुश्किल हुन्थ्यो । सस्तो लोकप्रियता होइन आमजनताले के कस्ता समस्या भोगिरहेका छन् भनेर अनुभूत गर्न गएको हुँ ।'
गाउँघरको सामान्य मान्छेको भेषमा थाहा नहुने गरी दुई सुरक्षाकर्मीसहित अस्पताल पुगेका मुख्यमन्त्री यादवले आक्समिक सेवासहित प्रत्येक वार्डमा बिरामीसँग सुविधा, स्वास्थ्यकर्मीले व्यवहारबारे सोधपुछ गरे । प्रतिष्ठान वा अस्पतालका कुनै कर्मचारी र बिरामीलाई थाहै भएन कि मुख्यमन्त्री अस्पतालमा छद्मभेषमा आएका हुन् ।
प्रत्येक वार्डमा मुख्यमन्त्री यादवले चिकित्सक तथा स्वास्थ्यकर्मीलाई बिरामीसँग एक इमान्दार सरकारी कर्मचारी भएर सेवा सुविधा दिन र कुनै किसिमको कमी वा लापरवाही नगर्न आग्रह गरे । कुनै समस्या भए सिधै मुख्यमन्त्री कार्यालयमा गएर गुनासो गर्न पनि बिरामीहरुलाई सुझाव दिए। छद्मभेषमा देखिएको अवस्थाबारे मुख्यमन्त्री यादवले भने, 'अस्पतालमा लापरवाही छ, कमी कमजोरी देखिएको छ ।'
ड्युटीमा केही चिकित्सक र स्वास्थ्यकर्मी नभएको पनि मुख्यमन्त्री यादवले अनुभूत गरे । सुरक्षा व्यवस्थामा समेत कमी कमजोरी देखिएको उनको भनाइ छ । 'लापरवाही गर्नेहरुको अनुसन्धान गरी कारवाही प्रक्रिया अघि बढाउँछु,' उनले भने, ' प्रादेशिक अस्पताल जनकपुरधामको सेवाप्रवाह प्रभावकारी बनाउने कार्यमा बाधक हुने जो कोही कारबाहीमा पर्नेछन्, रेफर अस्पतालको ट्याग हटाएर प्रादेशिक अस्पताललाई गुणस्तरीय तथा प्रभावकारी सेवासुलभ बनाउन प्रदेश सरकार हरसम्भव प्रयास गर्नेछ ।'

### प्रतिष्ठान अनभिज्ञ

मुख्यमन्त्रीले गरेको छद्मभेषबारे मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र अस्पतालका कर्मचारी अनभिज्ञ छन् । प्रतिष्ठानका अध्यक्ष डा. रामकेवल साहले भने, 'मुख्यमन्त्रीज्यूले औपचारिकरुपमा छद्मभेष गरेकोबारे थाहा छैन, अस्पतालको सेवाबारे निरीक्षण गर्ने मुख्यमन्त्रीमात्रै होइन जो कोहीलाई पनि अधिकार छ, उहाँले सर्वसाधारण नागरिकको रुपमा छद्मभेष गर्नु भएको छ, त्यो राम्रो कुरा हो ।'
यसअघि मुख्यमन्त्री यादवले प्रादेशिक अस्पताल अनुगमन गर्नेक्रममा अनुपस्थित निर्देशक डा. प्रमोदकुमार यादवलाई कारबाही गरिसकेको छ । गलत ल्याब रिपोर्ट दिने घटनामा संलग्नलाई काजबाट हटाइएको छ। अस्पतालमा सेवा प्रवाहमा लापरबाही भएको जनगुनासो बढ्दै गएपछि मुख्यमन्त्री यादवले सेवासुधारतर्फ पहल गरेका हुन् ।

### अस्पताल सुधारमा किन लागे मुख्यमन्त्री

एक्कासी बिरामी कुरुवा झैँ आमनागरिकका रुपमा छद्मभेष किन गर्नु परेको भन्ने मधेशदृष्टिको जवाफमा मुख्यमन्त्री यादवले भने, 'प्रादेशिक अस्पतालमा लापरवाही भइरहेकोबारे आफू सभामुख भएकै बेला भोगेका घटना पनि थिए ।' करिब डेढ-दुई वर्षअघि उनी पत्नीसहित अपरेसन गराउन अस्पताल पुगेका थिए ।
'सभामुखजस्तो भिआइपी मान्छे भए पनि काम गर्न ताकेता लगाउनु पर्थ्यो, समयमा चिकित्सक उपलब्ध नहुने, स्वास्थ्यकमीले हेरचाह नगर्ने समस्या देखेँ' उनले भने, 'यति मात्र होइन, आफू अस्पताल पुगेको बेला एकजना कुरुवा गार्डले मेरै गाडीबाट पेट्रोल चोरी भएको भनेर झगडा गरिरहेका थिए ।'
'अस्पतालमा छुट्टै सुरक्षाकर्मी पोष्ट छ, अस्पतालका सेक्युरिटी गार्ड पर्याप्त संख्यामा छन्, चोर पक्राउ गर्न सिसिटीभी फुटेज देखाउन भन्दा बिग्रेको छ भनेर कुरा टारियो,' मुख्यमन्त्रीले भने, 'घटनामा अस्पतालकै कर्मचारी संलग्न भएको पाएँ ।' उनले त्यतिखेरै अस्पताललाई सुधार गर्छु भन्ने संकल्प लिएको बताए । 'संयोगवश संकल्प पूरा गर्ने पदमा पुगिसकेको छु, सकेसम्म सुधार गरेर छाड्छु,' उनले भने, 'चिकित्सकले लापरबाही गरे बिरामी कहाँ जाने ? काम गर्न नचाहने डाक्टरहरु अन्यत्र जान पनि सक्छन् । तर सरकारी सेवा सुविधा लिने डाक्टरले जनताका लागि काम गर्नैपर्छ ।'

## तीर्थयात्रा आउँदा पनि .............

प्रत्येक वर्ष भारतका तीर्थयात्री ठूलो संख्यामा आउने गरेका छन् । उनीहरुलाई यहाँ ल्याउने पुर्णियाका एजेन्ट प्रकाश रिषिदेव हुन् । उनी भारतका विभिन्न जिल्लाका सदा समुदायबाट दिनाराम भद्री मन्दिर घुमाउने नाममा १ हजार १ सय भारतीय रुपैयाँ र चामल लिन्छन् ।
तर तीर्थयात्रीलाई भनेअनुसार सुविधा नदिएर ठगी गरिरहेका छन् । यद्यपि उनले कसैलाई नठगेको बताए । भारतबाट ठूलो संख्यामा तीर्थयात्री ल्याउन र घर पुऱ्याउन पाँचलाख भारतीय रुपैयाँ खर्च हुने र ८० हजार भारतीय रुपैयाँ मात्रै संकलन भएको उनले बताए ।

### दिनाराम भद्री र कटैया

रुपनीमा कटैया मुहसहर जातिका लागि मुस्लिम समुदायको 'मक्का मदिना' जस्तै हो। मुसहरहरु जीवनमा एक पटक भए पनि दिनाराम भद्री मन्दिर पुगेर दर्शनको चाहना गर्छन्। दिनाराम र भद्री दुवै दाजुभाइ मुसहर जातिका शक्तिशाली र अन्याय, अत्याचारविरुद्ध लड्ने स्वाभावका थिए । त्यतिबेलाका निरंकुश शासकको दमन र शोषणविरुद्ध लड्दै आएका दुवै मित्र लोकनायक सलहेशले विश्वासघात गर्दा कुलदेउता बघेश्वरीसँगको लडाइँमा कटैयाको जंगलमा मारिएको जनश्रुति छ । अहिले यस स्थानलाई 'मरौटी' भनिन्छ। उनीहरु मारिएपछि शव ल्याएर राखिएको स्थानलाई 'रखौटी' भनिन्छ, जहाँ हाल दिनाराम भद्रीको मन्दिर छ। कटैयादेखि २ किलो मिटर पश्चिममा रहेको मुतनी नदी किनारामा उनीहरुको दाहसंस्कार गरिएको थियो , यसलाई 'जरौटी' भनिन्छ।

### तीर्थयात्री प्रति स्थानियको चासो

दिनाराम भद्री मन्दिर अगाडि ६ सय तीर्थयात्री पर्यटकलाई अलपत्र देखेर स्थानीयले व्यवस्थापनमा चासो देखाएका छन् । नेपाली कांग्रेसका स्थानीय नेता ज्ञानेन्द्र इसर र प्रदीप साहले उनीहरुका लागि खाजा, खाना र पानी व्यवस्था गरे। उनीहरुले तीर्थयात्री बोकेर आउने अगुवा प्रकाश रिषिदेवले स्थानीयसँग कुनै समन्वय नगरेका कारण यस्तो समस्या आएको बताए।
स्थानीय एमाले नेता मिठू माझीले प्रत्येक वर्ष एजेन्टहरुले तीर्थयात्रीहरुलाई ठग्ने गरेको बताए।
आफूहरुसँग कुनै सहकार्य नगरेकै कारण तीर्थयात्री अलपत्र पर्ने गरेको र स्थानीयस्तरबाट व्यवस्थापनमा सहयोग गरिने उनको भनाइ छ । रुपनी गाउँपालिका अध्यक्ष दिनेशकुमार यादवले ग्रामीण भेगमा रहेको कटैयामा एकैचोटी ठूलो संख्यामा पर्यटक आउनेबारे कुनै जानकारी नभएको बताए।
'मलाई पूर्व जानकारी गराएको भए अस्थायी शौचालय, खानेपानीलगायतको व्यवस्थापनमा प्रयास हुन्थ्यो,' उनले भने, 'कुनै समन्वय नै भएन तर पनि छोटो समयमा हुनसक्ने व्यवस्थापन गर्छु ।'

# राम माविमा आइसिटी कम्प्युटर ल्याब

मधेशदृष्टि
महोत्तरी, १५ चैत । मटिहानी नगरपालिकाले नगरस्थित राम मावि मटिहानीमा प्राविधिक कक्षामा अध्ययनरत विद्यार्थीहरुको लागि आइसिटी कम्प्युटर ल्याब स्थापना गरेको छ।
मटिहानी नगरपालिकाको सहयोगमा विद्यालयको प्राविधिक शिक्षातर्फ कम्प्युटर इन्जिनियरिङमा अध्ययनरत विद्यार्थीका लागि अध्ययनमा सहज हुने उद्देश्यले आइसिटी ल्याब स्थापना गरिएको विद्यालयले जनाएको छ। मटिहानी नगरपालिकाका नगरप्रमुख हरि प्रसाद मण्डलले ल्याब उद्घाटन गरे। आइसिटी



ल्याबमा १५ वटा कम्प्युटर, १ थान अलाइन वन कम्प्यटर, १ थान प्रिन्टर छ।
विद्यालयका प्रधानाध्यापक अजय पाण्डेयको अध्यक्षतामा कार्यक्रम भएको हो।

# अध्यागमन हिरासतमा जलेर ४० मरे

मेक्सिको । मध्य तथा दक्षिण अमेरिकाबाट अमेरिका जाने प्रयासमा रहेका ४० आप्रवासीको मेक्सिकोको सिउडाड जुआरेजमा रहेको अध्यागमन हिरासतमा जलेर मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।




विगत केही दिनयता टेक्सासको एल पासोबाट रियो ग्रान्डे नदीको छेउमा अवस्थित सिउडाड जुआरेजमा अमेरिका प्रवेश गर्न चाहने धेरै आप्रवासीको भीड लाग्ने गरेको छ । अमेरिका सरकारले भने आप्रवासीलाई आफ्नो भूमिमा गैरकानुनीरूपमा प्रवेश गर्न नदिन कठोर नियम अवलम्बन गर्नाका साथै निष्कासनसमेत गर्दै आएको छ ।

आप्रवासीहरूले आफूहरूलाई देश निकाला गरिने जानकारी पाएपछि गद्दा जलाएर त्यसको विरोध गर्दा उक्त हताहती भएको मेक्सिकोका राष्ट्रपति एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरले बताएका छन्। उनीहरूको विरोधको तरिकाले यति भयानक परिस्थिति निम्त्याउने उनीहरूले नसोचेका उनले बताउका छन् । सामाजिक सञ्जालमा सार्वजनिक भएका दृश्यमा केन्द्र बाहिरको फुटपाथमा लाशहरू प्लाष्टिकले बेरेर लाइनमा राखिएको देखिन्छ । सुरक्षाका लागि राखिएका सिसिटिभी क्यामरामा केन्द्रको हिरासतमा रहेका आप्रवासीले गद्दामा आगो लगाएपछि धुँवाको मुस्लो छुट्दो सुरक्षाकर्मीहरू त्यसलाई वेवास्ता गर्दै भवनबाट बाहिरिएका देखिन्छन् । भिडियोमा उनीहरूले आप्रवासीलाई हिरासत मुक्त नगरेको देखिन्छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार अधिकारीहरूले आप्रवासीहरूलाई मेक्सिको र अमेरिकालाई जोड्ने स्ट्यान्टन-लेर्डो पुल नजिक रहेका केन्द्रको भवनभित्र लगेका थिए जहाँ उनीहरूले विरोधस्वरुप गद्दामा आगो लगाएका थिए । आगलागीमा परी २९ घाइते समेत भएका छन् । मेक्सिकोको नेशनल माइग्रेसन इन्स्टिच्युट (आइएनएम) द्वारा सञ्चालित केन्द्रमा आगलागीका बेला मध्य र दक्षिण अमेरिकाका ६८ पुरुष थिए । अमेरिकी भन्सार र सीमा सुरक्षा अधिकारीले आगलागीमा परी घाइते भएकाहरूलाई आप्रवासीलाई स्वीकार गर्ने प्रक्रिया प्रारम्भ गर्न आफूहरू तयार रहेको जनाएका छन् । घाइतेहरूलाई मेक्सिकोबाट एम्बुलेन्समार्फत उपचारका लागि अमेरिकी उपचार केन्द्रहरूमा पुऱ्याइएको छ ।

मेक्सिकोका अधिकारीहरूले आगलागीमा ग्वाटेमाला, होन्डुरस, भेनेजुएला, एल साल्भाडोर, कोलम्बिया र इक्वेडरका नागरिक घाइते भएका तथा ज्यान गुमाएका बताएका छन् । विदेशमन्त्री मारियो बुकारोले आगलागीमा आफ्नो देशका २८ को मृत्यु भएको पत्रकारहरूलाई बताएका छन् । संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले घटनाको गम्भीर छानबिन गर्न आग्रह गरेका छन् । महासचिवका प्रवक्ताले सुरक्षित एवम् सङ्गठित आप्रवासन मार्गहरू स्थापनाका लागि आवागमन हुने सम्बद्ध देशका अधिकारीहरूसँग काम राष्ट्रसङ्घले सहकार्य गर्ने प्रतिबद्धता महासचिवले व्यक्त गरेका छन् । मेक्सिकोका लागि अमेरिकी राजदूत केन सालाजारले अनियमित आप्रवासनका जोखिमहरू समाधान गर्नुपर्नेमा जोड दिँदै त्यसका लागि आफ्नो देशको सरकार सचेत रहेको बताउनुभएको छ । कोभिड महामारीको सुरुमा लागू गरिएको नियमका कारण उनीहरूले अमेरिका प्रवेशको अनुमति नपाएका उनको भनाइ छ । बाइडेन प्रशासनले तत्कालीन राष्ट्रपति ट्रम्पको नीतिको प्रयोग अन्त्य गर्ने आफ्नो चाहना घोषणा गरेको भए पनि अहिलेसम्म त्यो खारेज भएको छैन । राष्ट्रपतिको घोषणापछि प्रतिबन्धहरू हट्ने आशामा सिउडाड जुआरेजमा आप्रवासीहरूको आगमन निरन्तर बढिरहेको छ ।

हालै भेनेजुएलाका सयौँ आप्रवासीले मेक्सिकोको यो शहरबाट एल पासोस्थित अन्तर्राष्ट्रिय पुल पार गरेर जबरजस्ती अमेरिका प्रवेशको प्रयास गरेका थिए । अमेरिकी अधिकारीहरूले भने भौतिक अवरोध खडा गरेर उनीहरूको अमेरिका पुग्ने सपनालाई चक्नाचुर पारेका थिए । मेक्सिकोका अध्यागमन हिरासतमा बेलाबेलामा आप्रवासीको भीडभाड, दङ्गा र विरोध प्रदर्शन हुने गरेका छन् ।

गत अक्टोबरमा भेनेजुएलाका आप्रवासीको एउटा समूहका कारण टिजुअनास्थित आप्रवासी केन्द्रमा दङ्गा भएको थियो भने नोभेम्बरमा ग्वाटेमालाको सीमा नजिकको मेक्सीकाको दक्षिणी शहर तपाचुलाको अर्को केन्द्रमा त्यस्तै दङ्गा भएको थियो । अमेरिका र जर्मनीपछि मेक्सिको शरणार्थीका लागि लोकप्रिय गन्तव्य बनेको छ ।

मेक्सिको भएर अमेरिका प्रवेश गर्न चाहने धेरै आप्रवासी संसारका विभिन्न भागबाट मेक्सिको पुग्ने गरेका छन् । शरण खोज्न चाहनेले जहाँ आवेदन गरेको हो त्यहीँ बस्नुपर्ने प्रावधान भए पनि ग्वाटेमालालगायत दक्षिण अमेरिकी मुलुकका नागरिक मेक्सीको छाडेर अमेरिका नै जान चाहन्छन् । अहिले पनि ग्वाटेमालाका साथै मेक्सिकोका दक्षिणी सिमानामा दशौँ हजार आप्रवासीको भीड लागेको छ ।

यसैबीच, मानवअधिकारवादी संस्था एम्नेष्टी इन्टरनेशनलले आगलागीको घटना मेक्सिको र संयुक्त राज्य अमेरिकाको प्रतिबन्धात्मक एवम् क्रुर आप्रवास नीतिको परिणाम भएको टिप्पणी गरेको छ ।

उक्त घटनाले अध्यागमनसम्बन्धी अमानवीय प्रणालीलाई उजागर गरेको जनाउँदै एम्नेष्टीले बन्दीहरूलाई आगोमा नै छाडेर हिँड्नु अमानवीयताको परकाष्ठा हो भनेको छ ।

# बेलायतका नरेशको स्वागतमा जर्मनी



बर्लिन । बेलायतका राजा चार्ल्स तृतीय जर्मनीको तीनदिने राजकीय भ्रमणमा बुधबार पुगेका छन् । देशको राजसिंहासन सम्हालेपछि हुनलागेको पहिलो विदेश भ्रमणमा उनका साथ रानी क्यामिला पनि रहनेछ ।

यसअघि बेलायतका नरेशले फ्रान्सको भ्रमण गर्ने कार्यक्रम निर्धारण भएको थियो तर फ्रान्स सरकारले अघि सारेको निवृत्तिभरणसम्बन्धी विधेयकको राष्ट्रव्यापी विरोधप्रदर्शनका कारण उनको भ्रमण स्थगित भएको थियो । बर्लिनका विभिन्न भागमा बेलायतका झण्डा फहराइएका छन् । बेलायतका राजदम्पतिलाई जर्मनीका राष्ट्रपति फ्रान्क वाल्टर स्टेनमेयर र प्रथम महिलाएल्के बुडेनबेन्डरले सैन्य सम्मानका साथ स्वागत गर्ने कार्यक्रम छ । बेलायतका राजदम्पतिलाई जर्मनीका नागरिकले ब्रान्डनबर्ग गेटमा स्वागत गर्नेछन् । एक हजार पाँच सय दर्शक अट्नसक्ने उक्त स्थानमा बेलायतका राजारानीलाई प्रत्यक्ष भेट्ने चाहनेलाई बेलैमा गेटमा आउन सुझाव दिइएको छ ।

नजिकका छिमेकी मुलुकको भ्रमण गर्ने राजाको निर्णयअनुसार चार्ल्स जर्मनीतर्फ प्रस्थान गर्न लागेका हुन् । जर्मनीका राष्ट्रपति फ्रान्क वाल्टर स्टेनमेयरले बेलायतका राजाको भ्रमणलाई दुई देश र जनताबीचको घनिष्ठ एवम् हार्दिक मैत्रीको प्रतीक भनेका छन् । महारानी एलिजाबेथले सन् १९६५ मा जर्मनीको औपचारिक भ्रमण गरेका थिए । पूँजीवादी पश्चिम र कम्युनिष्ट पूर्वजर्मनी विभाजित भएका बेला भएको उक्त भ्रमणलाई पारस्परिक मेलमिलापका रूपमा लिइएको थियो । राजा चार्ल्सले बिहीबार चान्सलर ओलाफ स्कोल्जसँग भेटवार्ता गर्ने कार्यक्रम छ । त्यसअघि राजदम्पति बेल्लेभ्यु प्यालेसमा आयोजना हुने रात्रिभोजमा सहभागी हुनेछन् । राजा चार्ल्सले बिहीबार जर्मनीको सङ्घीय संसद्लाई सम्बोधन गर्ने कार्यक्रम छ । जर्मन संसद्लाई सम्बोधन गर्ने उनी पहिलो सम्राट हुनेछ । साथै उनले हालै युक्रेनबाट आएका शरणार्थीलाई पनि भेट्ने कार्यक्रम रहेको जनाइएको छ । उत्तरी बन्दरगाह शहर ह्याम्बर्गमा नवीकरणीय ऊर्जा परियोजनाको अवलोकन गरेर राजदम्पति शुक्रबार स्वदेश फर्कनेछन् ।बेलायतको राजपरिवारले जर्मनीसँगको सम्बन्धलाई उच्च महत्व दिएको जर्मनीको डार्मस्टाड टेक्निकल युनिभर्सिटीका समाजशास्त्रका प्राध्यापक माइकल हार्टम्यान बताउछन् । गत वर्ष महारानी एलिजाबेथ द्वितीयको निधन भएपछि पनि बेलायतप्रतिको जर्मनीको आकर्षण कम नभएको उनले एएफपीलाई बताए । बर्लिनस्थित बेलायतको राजदूतावासका अनुसार राजसिंहासन सम्हाल्नुअघि युवराज चार्ल्सले ४० पटक जर्मनीको भ्रमण गरेका थिए । त्यसबेला उनले बेलायत जर्मनीको साथी,सहयोगी र साझेदार रहने बताएका थिए ।

# ताइवानी राष्ट्रपतिलाई चीनको चेतावनी

ताइपेइ । ताइवानका राष्ट्रपति साई इङ वेनले संयुक्त राज्य अमेरिका भ्रमणका क्रममा त्यहाँको प्रतिनिधिसभाका सभामुखलाई भेटेमा चीनले त्यसविरुद्ध लड्ने चेतावनी दिएको छ ।

राष्ट्रपति साई आफ्ना सहयोगीहरूसँगको कूटनीतिक सम्बन्ध सुदृढ तुल्याउने उद्देश्यका साथ ग्वाटेमाला र बेलिजको भ्रमणका क्रममा बुधवार अमेरिकातर्फ प्रस्थान गरेका छन् । भ्रमणका क्रममा अमेरिकामा रहँदा उनले प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थीलाई भेट्ने बताएका थिए । चीनले स्वायत्त टापु ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर मुख्यभूमिमा विलय गर्नसक्ने चेतावनी दिँदै आएको छ भने राष्ट्रको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ ।

राष्ट्रपति साई सभामुख म्याकार्थीबीचको कुनै पनि बैठक आफूलाई अमान्य हुने उल्लेख गर्दै बेइजिङले यदि उनले भेटवार्ता गरेमा त्यसविरुद्ध लड्न दृढ उपाय अवलम्बन गर्ने चेतावनी दिएको छ । राष्ट्रपति साईले अमेरिकी सभामुखलाई भेटेमा त्यो अर्को उक्साहट हुने तथा त्यसबाट एक चीन नीतिको गम्भीर उल्लङ्घन हुने ताइवान मामिला कार्यालयका प्रवक्ता झु फेङ्लियनले बताएका छन् । उनले चीनको सार्वभौमसत्ता र अखण्डतालाई कमजोर बनाउने कुनैपनि गतिविधि सह्य नहुने बताएका छन् । राष्ट्रपतिको साईको यो भ्रमण ताइवानसँगको ८० वर्ष पुरानो कूटनीतिक सम्बन्ध तोडेर होन्डुरसले बेइजिङसँग सम्बन्ध कायम गरेपछि हुँदैछ । होन्डुरस बाहिरिएपछि ताइवानलाई औपचारिक मान्यता दिएका देशको संख्या १३ देशमा झरेको छ ।

होन्डुरसका विदेशमन्त्री एडुआर्डो रेनाले देशको आर्थिक आवश्यकता तथा ताइवानले आर्थिक सहायता बढाउन अस्वीकार गरेपछि चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णयमा सरकार पुगेको बताएका थिए । ताइवानले वार्षिक रूपमा प्रदान गर्दै आएको पाँच करोड डलर अनुदानलाई एक वर्ष १० करोड गर्न तथा तिर्न बाँकी रहेको ६० करोड डलर सहुलियत ऋण पुनःसंरचनाका निम्ति गरेको आग्रहप्रति पनि सकारात्मक जवाफ नदिएको बताएका थिए ।

बाह्य दबाबले विश्वका विभिन्न मुलुकसँग सम्बन्ध कायम गर्ने ताइवानको सङ्कल्पमा कुनै बाधा नहुने राष्ट्रपति साईले अमेरिका प्रस्थान गर्नुअघि विमानस्थलमा पत्रकारहरूलाई बताए । उनले आफू शान्त रहने, कसैसँग नझुक्ने र कसैलाई नउक्साउने पनि बताए । न्युयोर्कको भ्रमणपछि राष्ट्रपतिको साईले ग्वाटेमालाका राष्ट्रपति अलेजान्ड्रो गियामाटेइ र बेलीजका प्रधानमन्त्री जोन बिसेनोलाई उहाँहरूकै देशमा भेट्ने कार्यक्रम रहेको राष्ट्रपतिको साईको कार्यालयले जनाएको छ । स्वदेश फर्कनेक्रममा उहाँ लस एन्जलसमा केही समय बस्नेछ ।

सभामुख म्याकार्थीले पनि क्यालिफोर्नियामा राष्ट्रपति साईलाई भेट्ने बताएका छन् । गत वर्ष पूर्वसभामुख न्यान्सी पिलोसीले ताइवानको भ्रमण गरेर राष्ट्रपति साईलाई भेटेपछि क्रुद्ध भएको बेइजिङले जनमुक्ति सेनालाई ताइवान टापु वरपर उतारेर अभूतपूर्व अभ्यास गरेको थियो । यसैबीच, एक जना वरिष्ठ अमेरिकी प्रशासकले राष्ट्रपति साईको भ्रमणलाई बहाना बनाएर रोकटोकको अवाञ्छित क्रियाकलापमा नउत्रन चीनलाई अनुरोध गरेका छन् । राष्ट्रपति साईको अमेरिका बसाईलाई लिएर बेइजिङलाई आक्रमक नबन्न र जबरजस्ती नगर्न आह्वान गर्दै उनले चीनको चेतावनीबाट अमेरिकी नीतिमा कुनै परिवर्तन नहुने स्पष्ट गरेका छन् । राष्ट्रपति साईमाथि चिनियाँ दबाब यस्तो समयमा आएको छ जतिबेला ताइवानले अमेरिकासँगको सम्बन्धलाई अनौपचारिक रूपमा भए पनि सुदृढ गर्ने प्रयास गरेको छ । विश्लेषकहरूका अनुसार साईले सन् २०१६ मा राष्ट्रपति पद सम्हालेपछि बेइजिङले ताइपेईमाथि सैन्य, आर्थिक एवम् कूटनीतिक दबाब बढाएको छ । ताइवानका समर्थकलाई आफ्नो पक्षमा पारेको छ - यसैसाता होन्डुरसरलाई आफ्नो पक्षमा ल्याएझै ।

सन् १९७९ मा वासिङ्टनले बेइजिङसँग कूटनीतिक सम्बन्ध स्थापना गरे पनि ताइपेइको अन्तरराष्ट्रिय सहयोगी एवम् साझेदारका रूपमा वासिङ्टन उभिएको छ । अमेरिका नै ताइवानको सबैभन्दा ठूलो हतियार आपूर्तिकर्ता पनि भएको छ । यस्तो पृष्ठभूमिमा रहेको ताइवान र अमेरिकाबीचको सम्बन्ध अनौपचारिक भए पनि औपचारिक सम्बन्ध जत्तिकै महत्वपूर्ण एवम् अर्थपूर्ण रहेको अमेरिका-ताइवान सम्बन्धबारे अध्ययन गरिरहेका जेम्स ली बताउँछन् ।

# एसिसी प्रिमियर कप: प्रारम्भिक टोली घोषणा



काठमाडौँ, १५ चैत ।

नेपाल क्रिकेट सङ्घ (क्यान) ले नेपालमा आयोजना हुने एसिसी पुरुष प्रिमियर कप क्रिकेट खेल्न नेपालको तर्फबाट प्रारम्भिक टोली घोषणा गरेको छ । एसियन क्रिकेट काउन्सिल (एसिसी)को आयोजनामा हुने प्रतियोगिताका लागि क्यानले २१ सदस्सीय प्रारम्भिक टोली घोषणा गरेको हो । प्रतियोगिता आगामी वैशाख ५ देखि १८ गतेसम्म सञ्चालन हुनेछ । छनोट हुने प्रारम्भिक नेपाली टोलीको सदस्यमा सन्दिप लामिछाने, ज्ञानेन्द्र मल्ल, आरिफ शेख, कुशल भुर्तेल, भीम सार्की, आसिफ शेख, प्रतिष जिसी, ललित राजवंशी, रोहित पौडेल र सन्दिप जोरा छन् ।त्यसैगरी सोमपाल कामी, किशोर महतो, कुशल मल्ल, श्याम ढकाल, कमल सिंह ऐरी, दीपेन्द्र सिंह ऐरी, अर्जुन साउद, गुलशन झा, सूर्य तामाङ, करण केसी र देव खनाल रहेका छन् । प्रतियोगिताका खेलहरु कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान र मूलपानीमा रहेको क्रिकेट मैदानमा सञ्चालन हुनेछ । प्रतियोगितामा विभिन्न १० राष्ट्रले सहभागिता जनाएमकामा ती राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा आयोजक नेपालसहित साउदी अरेबिया, मलेसिया, कतार र ओमान रहेका छन् भने समूह 'बी' मा कुवेत, बहराइन, सिङ्गापुर, हङकङ र संयुक्त अरब इमिरेट्स (युएइ) छन् ।

प्रतियोगिताको विजेता टोली आगामी सेप्टेम्बरमा पाकिस्तानमा हुने एसिया कपका लागि छनोट हुनेछ । त्यसैगरी शीर्ष तीनमा रहने टोली एसिया ईमर्जिङ कपका लागि छनोट हुनेछ । नेपालले आगामी वैशाख ५ गते मलेसियासँग प्रतिस्पर्धा गर्दै प्रतियोगिताको उद्घाटन गर्नेछ ।

# विराट गोल्डकप: विराटनगर सिटी र भारतबीच स्पर्धा

मोरङ, १५ चैत । सातौँ संस्करणको विराट गोल्डकप फुटबलको अन्तिम चरणको खेल पाहुना टोली भारतको केरलास्थित लुका सकर क्लब तथा घरेलु टोली विराटनगर सिटी (बीसीएफ) बीच हुने भएको छ । शहीद रङ्गशालामा बिहीबार ६:४५ बजे हुने भनिएको अन्तिम चरणको खेलमा केरलाको लुका सकर पहिलो पटक विराट गोल्डकपको उपाधि जित्ने लक्ष्यमा छ भने घरेलु टोली विराटनगर ६१ वर्षपछि दोस्रो पटक गोल्डकपको उपाधि हात पार्ने दाउमा छ ।



विराटनगर पूर्वविजेता टोली नेपाल पुलिस र जावलाखेललाई हराउँदै फाइनलमा प्रवेश गरेको हो । विराटनगरले क्वाटरफाइलनमा नेपाल पुलिसलाई १-० गोलले तथा सेमिफाइनलमा जावलाखेललाई २-१ गोलले हराउँदै उपाधि नजिक पुगेको हो । त्यसैगरी पहिलो पटक भाग लिएको केरलाले क्वाटरफाइनलमा सङ्कटा क्लबलाई 'सडनडेथ'मा ८-७ गोलले र सेमिफाइनलमा साबिक विजेता विभागीय टोली एपीएफलाई 'टाइब्रेकर'मा ४-२ गोलले पाखा लगाउँदै फाइनलका लागि स्थान पक्का गरेको थियो । साबिक विजेता एपीएफ र लिग खेल्दै आएको 'ए' डिभिजन सङ्कटाजस्तो सशक्त टोलीलाई पराजित गरेर फाइनल यात्रा तय गरेकाले लुका सकरका खेलाडीमा मनोबल उच्च देखिएको छ ।

घरेलु टोलीले तेस्रो पटक विराटनगरलाई प्रतियोगिताको उपाधि नजिक पुऱ्याएको हो । विराटनगर छ दशकपछि गोल्डकपको अन्तिम चरणमा पुग्न सफल भएको छ । यसअघि २०१८ सालमा तत्कालीन महेन्द्र गोल्डकपमा घरेलु टोली मोरङ-११ फाइनलमा पुगेर उपविजेता भएको आयोजकले जनाएको छ । त्यसबेलाको पहिलो उपाधि भारतको कलकत्ता गोल्डकपको विजेता बनेको थियो । २०१९ मा मोरङ-११ ले उक्त उपाधि हात पारेकामा सातौँ संस्करणसम्म आइपुग्दा घरेलु टोली फाइनलमा पुगेको हो । विराटनगरमा बधुबार प्री-म्याच कन्फ्रेन्समा विराट गोल्डकपको फाइनल अघि दुवै टोलीका प्रशिक्षक र कप्तानले उपाधि जित्नका लागि खेल्ने भएका छन् । विराटनगर सिटीका प्रशिक्षक सन्तोष न्यौपानेले यस गोल्डकपमा आफ्नो टोलीको लक्ष्य उपाधि जित्नु रहेको बताए । लुका सकर क्लबका प्रशिक्षक नभास नोकाले फाइनलभन्दा अगाडि जसरी हाम्रो खेलाडीले खेल खेलेका थिए त्यही अनुरुप अन्तिम चरणको खेल खेल्ने बताए । उनले नेपालकै प्रतिष्ठित उपाधि उचाल्न अन्तिम चरणमा उत्कृष्ट प्रदर्शन गरिने पनि जिकिर गरे । तत्कालीन राजा महेन्द्रको नामबाट २०१८ सालमा महेन्द्र गोल्डकपबाट सुरु गरिएको प्रतियोगिता पछिल्लो संस्करणका रूपमा २०५७ सालदेखि विराट गोल्डकपका रूपमा खेलाइँदै आइएको हो । कोशी प्रदेशकै सानका रूपमा रहेको गोल्डकप पञ्चायत कालमा २७ पटक र बहुदल आएपछि विराटगोल्डकपका नामबाट यो सातौँ प्रतियोगिता हुन लागेको हो । चैत १६ गतेसम्म सञ्चालन हुने रात्रिकालीन गोल्डकपमा नेपाल, भारत र भूटानका गरी आठ टोलीको सहभागिता रहेको छ । प्रतियोगितामा विजेता हुने टोलीले २० लाख १५ हजार तथा उपविजेताले १० लाख २५ हजार रुपैयाँ पुरस्कार पाउने प्रतियोगिताका सहसंयोजक सुवाशिष कोइरालाले जानकारी दिए । उनले प्रशिक्षक, गोलकिपर, मिड फिल्डर, डिफेन्स, फरवार्ड, सर्वाधिक गोलकर्ता, व्यवस्थापक र फेयर प्ले सबैलाई जनही २५ हजार रुपैयाँ पुरस्कार रहेको उल्लेख गरे ।

# आर्थिक स्थिति सुध्रिएपछि इन्धनको मूल्य घट्यो

कोलम्बो । श्रीलङ्काको आर्थिक स्थितिमा सुधार आएसँगै इन्धनको मूल्य घटेको छ । ऊर्जामन्त्री कञ्चना विजेसेकराले विहीबार मध्यरातदेखि इन्धनको मूल्य घटाइने बताएका छन् ।

मन्त्री विजेसेकराका अनुसार विहिवार मध्यरातपछि पेट्रोलको मूल्यमा प्रतिलिटर ६०, डिजेलमा ८० र मट्टितेलमा १० रुपैयाँ कायम हुनेछ । अब उपभोक्ताले एक लिटर पेट्रोल ३ सय ४०, डिजेल ३ सय २५ र मट्टितेल २ सय ९५ रुपैयाँमा पाउने छन् ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले ऋण स्वीकृत गरेसँगै इन्धन आपूर्तिकर्ताबाट प्रतिस्पर्धी मूल्य प्राप्त भएकाले इन्धनको मूल्य घटाउने निर्णय सरकारले गरेको ऊर्जामन्त्रीले बताए । साथै अमेरिकी डलरको तुलनामा श्रीलङ्काली रुपैयाँ पनि सुदृढ भएको छ । गत वर्ष देशमा इन्धनको मूल्य दुई सय प्रतिशतले बढेको थियो ।

# वीमा रकमको लोभमा बुहारीसँग मिलेर पतिको हत्या

मधेशदृष्टि
सप्तरी, १५ चैत।



पाँच महिनाअघि करेन्ट लागेर मृत्यु भएको एउटा घटना हत्या भएको रहस्य खुलेको छ। दुई वटा वीमा कम्पनीमा वीमा गरिएका व्यक्तिको इन्स्योरेन्सबाट दोब्बर भुक्तान आउने प्रलोभनले पत्नी र दुई बुहारी मिलेर वीमा गरिएका व्यक्तिको हत्या गरिएको रहस्य खुलेको हो।

कञ्चनरुप-३ दासटोलका ३७ वर्षीय शिवशंकर दासको ज्यान जानुमा पत्नी र दुई बुहारीको हत्या योजना सफल भएको देखिएको हो। इलाका प्रहरी कार्यालय कञ्चनपुरले पत्रकार सम्मेलन गरी दिएको जानकारी अनुसार, घटना कात्तिक ६ गतेको हो। बिहान ६ बजे दासका पत्नी ३० वर्षीया कोशिलादेवीले दुई बुहारी हिरणदेवी र शान्तिदेवीको सहयोगमा पतिलाई करेन्ट लगाएकी थिइन्। दुई महिनाअघि दासका नाममा दुई वटा वीमा कम्पनीमा २०-२० लाख रुपैयाँको वीमा गराउन लाग्ने रकम बुहारी शान्तिले बुझाउने शर्तमा वीमा एजेन्टलाई बोलाइ सहयोग गरिएको थियो।

त्यसपछि शान्तिले रकमको साँवाब्याज तिर्न बारम्बार दास र उनका पत्नीलाई ताकेतासहित दबाब दिएकी थिइन्। 'पति मार्दा इन्स्योरेन्सको वीमाबाट दोब्बर पैसा आउँछ र सबै ऋण चुक्ता हुन्छ भनेर फकाइफुल्याइ शान्तिदेवीकै योजनामा हत्या भएको देखिन्छ,' पत्रकार सम्मेलनमा प्रहरीले भने, 'कोशिलादेवी बुहारीकै योजनामा पति मार्न तयार भएको देखिइन्।'

योजनाअनुसार नै कात्तिक ५ गते बिहान शान्तिले शिवशंकरलाई घरमा बोलाएकी थिइन् र अत्यधिक मदिरा खुबाएर घर पठाएकी थिइन्। मदिराले लठ्ठ दासलाई पत्नी कौशिलाले बायाँ हातको साइँली औंलामा बिजुलीको तार बेरिन् करेन्ट छाडिन्। अर्की बुहारी हिरणदेवीले टर्च बालेर सहयोग गरेको प्रहरी अनुसन्धानमा देखिएको छ। यसअघि यही घटना 'करेन्ट लागेर दासको मृत्यु' भनेर सार्वजनिक भएको थियो।

# उपेन्द्र यादव हराउन कुशवाहा जनमतमा प्रवेश




मधेशदृष्टि
वीरगंज, १५ चैत।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य शिवचन्द्र प्रसाद कुशवाह जनमत पार्टीमा प्रवेश गरेका छन्।

काठमाडौंमा पत्रकार सम्मेलन गरी जनमत पार्टीका अध्यक्ष सीके राउतले उनलाई पार्टीमा प्रवेश गराए। त्यसक्रममा कुशवाहले बारा क्षेत्र नम्बर २ का जनताको भावनाअनुसार चुनाव लड्न आफू जनमत पार्टीमा प्रवेश गर्नु परेको स्पष्ट पारे। प्रतिनिधिसभा चुनावमा उनी जनता समाजवादी पार्टीका रामसहाय प्रसाद यादवसँग ३ सय ५४ मतले पराजित भएका थिए। तर जनताको भावना विपरीत माओवादी केन्द्रले उपेन्द्र यादवलाई उपचुनावमा लडाउने भएपछि आफूले पार्टी परित्याग गर्नु परेको कुशवाहले खुलासा गरे।

उनले चुनावमा हार व्यहोरेका यादव पदलोलुप भएको र बारा क्षेत्र नम्बर २ को उपनिर्वाचनमा हराएर पठाइने चेतावनीसमेत दिए। माओवादी पार्टीले आफूमाथि जालझेल र षड्यन्त्र गरेकाले आफूले मधेशमुक्ति र देशका लागि केही गर्ने मनोविज्ञान बोकेको राउत नेतृत्वको जनमत पार्टी रोज्नु परेको उनको भनाइ थियो। कार्यक्रममा जनमत पार्टीका अध्यक्ष राउतले आफ्नो पार्टी जनताको मात्रै नभई नेताको पनि उद्धार गर्ने पार्टी भएको दाबी गरे।

# प्रदेशकै सुविधासम्पन्न डायलसिस सेवा

मधेशदृष्टि
वीरगंज, १५ चैत।



वीरगंजको नारायणी अस्पतालमा मधेश प्रदेशकै सबैभन्दा बढी क्षमता र सुविधासम्पन्न डायलसिस वार्ड सञ्चालनमा आएको छ। अस्पतालमा १५ शैयाको सुविधासम्पन्न डायलसिस वार्ड सञ्चालनमा आएको हो।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चित्तरञ्जन साहले राउन्ड टेबल नेपालको समन्वयमा सिद्धार्थ बैंकले अस्पतालको आकस्मिक कक्षमाथिको तलामा ५५ लाख रुपैयाँ लागतमा निर्माण गरेको नयाँ भवनमा सुविधासम्पन्न १५ शैयाको डायलसिस वार्ड सञ्चालनमा आएको बताए। यसअघि अस्पतालमा ६ शैयाको डायलसिस सेवा सञ्चालनमा थियो। बिरामीको चाप बढेका बेला हप्तादिनसम्म पालो कुर्नुपर्ने अवस्था अब हटेको छ। निजी अस्पतालमा उपचार गराउन नसक्ने गरिब-विपन्न बिरामी पालो नपाएर डायलसिस सेवाबाटै वञ्चित हुनुपर्ने बाध्यता पनि अन्त्य भएको डा. साहले बताए। १५ शैयाको डायलसिस सेवा विस्तारसँगै कुनै पनि बिरामीले पालो कुर्न नपर्ने डायलसिस वार्डकी इन्चार्ज एवम् अस्पताल नर्सिङ निरीक्षक मनिता साहले बताइन्। साहका अनुसार, बुधबारदेखि सञ्चालनमा ल्याइएको डायलसिस वार्डमा ७ वटा ब्याकसहित ३७ वटा मेसिन छन्। अस्पतालले बारा, पर्सा, रौतहट, सर्लाहीका ३५ मृगौला रोगीलाई नियमित डायलसिस सेवा प्रदान गरिरहेका छ।

# वीरगंजमा महाआरती हुने

मधेशदेष्टि
वीरगंज, १५ चैत।






रामनवमीका अवसरमा विहीबार वीरगंजमा महाआरती हुने भएको छ। विहीबार साँझ ६ बजे गहवामाइ मन्दिर अगाडि माइस्थान मन्दिर प्राङ्गणमा महाआरती हुन लागेको हो।

महाआरतीमा सर्वसाधारणलाई सहभागिताको अपिल गर्दै हिन्दू युवा समूहले बुधबार वीरगंजमा 'जय श्रीराम'को नारा लगाउँदै प्रचार र्‍याली गरेका छन्।

महाआरतीको प्रचारप्रचारमा मदत पुगोस् भनेर बिहान निकालिएको र्‍याली घण्टाघरबाट सुरु भएको थियो। माइस्थानबाट आदर्शनगर हुँदै सहरका विभिन्न स्थानमा नाराजुलुशसहित हजारौंको संख्यामा सहभागी हिन्दू स्वयम्सेवकले नगर परिक्रममा गरेका थिए। महाआरतीमा सहभागी हुन सबैलाई अपिल पनि गरिएको छ।

# ठेकेदार सम्पर्कविहीन भएपछि दुईकरोड धरौटी जफत

हरिशंकर शर्मा
कलैया, १५ चैत।



बाराको पिलुवा-मटिअर्वा हुलाकी सडक खण्ड अन्तर्गत पौने ४ किलोमिटर सडक निर्माण अलपत्र परेको छ। २५ किलोमिटर पिलुवा-मटिअर्वा हुलाकी सडक निर्माण कार्य २०७३/७४ मा ठेक्कामा लागेर २०७७ मा सम्पन्न भइसक्नु पर्नेमा मुआब्जा विवादले काम रोकिएको त थियो नै बीचैमा निर्माण कम्पनी सम्पर्कविहीन भएपछि तेस्रो चरणको कारबाही आडि बढाइको छ। कलैया उपमहानगरपालिकाअन्तर्गतशितलपुरदेखि कलैया बजारसम्मको ३ दशमलव ८ किलोमिटर सडक निर्माणमा समस्या भएको हो।

सडक निर्माणक्रममा कलैया उपमहानगरपालिकाका स्थानीयले मुआब्जामा असन्तुष्टि जनाउँदै उच्च अदालतदेखि सर्वोच्च अदालतमा मुद्दा दिएपछि पौने ४ किलोमिटर सडक निर्माण अवरुद्ध भएको हो। सरकारले निर्धारण गरेको मुआब्जा न्युन भएको भन्दै ३२ जनाले हुलाकी सडक आयोजनाविरुद्ध उच्च र सर्वोच्च अदालतमा मुद्दा दिएका थिए। कलैया बजारमा ३ किलोमिटर, शितलपुरमा ७ सय मिटर, मटिअर्वामा १ सय ७ मिटर सडक निर्माण रोकिएको थियो। सर्वोच्च अदालतमा २ कित्ता मुद्दा विचाराधीन छ भने उच्च अदालतले मन्सुर मियाँ र ऋषि कुमार महतोको मुद्दामा सुनुवाई

## हुलाकी राजमार्ग सडक

गर्दै नियमानुसार मुआब्जा दिन निर्देशन दिइसकेको छ। २ जनाको मुद्दा फैसलापश्चात कलैया उपमहानगरपालिकाको अनुरोधमा हुलाकी सडक आयोजना कार्यालयले अलपत्र पौने ४ किलोमिटर सडक निर्माणका लागि ११ महिनाको लक्ष्यसहित २०७८ पुस मसान्तमा २२ करोड ३१ लाख ८६ हजार रुपैयाँमा सप्तकोशी जलाधार ओमसाइ जेभीलाई ठेक्का दिएको छ।

ठेकेदार कम्पनीले १० प्रतिशत काम गरेर सम्पर्कविहीन भएपछि निर्माण अलपत्र परेको हो। निर्माण कार्य नहुँदा सडकबाट आवागमन गर्ने यात्रु दिनहुँ धूलोले सास्ती खेप्न बाध्य छन्। धुलो र धुँवाका कारण पैदल यात्रु र स्थानीयलाई आउजाउमा समस्या हुनुका साथै स्वास्थ्यमा पनि समस्या परेको छ। शितलपुर घना बस्ती रहेको र सडकको दुवै पेटीमा नाला निर्माणका लागि पाँच वर्षदेखि खनिएका खाल्डोका कारण स्थानीय समस्या खेपिरहेका छन्। रडहरु पनि धराप देखिएकाले बालबालिका जोखिममा छन्। पौने ४ किलोमिटर सडक निर्माणका लागि ठेक्का सकार गरेका कम्पनीले माघ १ गतेसम्म निर्माण कार्य सकाउनु पर्ने थियो। तर कम्पनी सम्पर्कविहीन भएपछि काम रोकिएको हुलाकी सडक योजना कार्यालय वीरगंजका प्रमुख दरोगा प्रसादले बताए।

फरार ठेकेदार कम्पनीलाई करवाही प्रक्रिया अगाडि बढाइएको उनको भनाइ छ। उनका अनुसार पहिलो चरणमा ठेक्का तोड्न पत्रिकामा सूचना प्रकाशित गरिएको छ भने दोस्रो चरणको कारवाही ठेकेदार कम्पनीले राखेको १ करोड ८८ लाख रुपैयाँ धरौटी जफत गरी सरकारको खातामा पठाइएको छ। तेस्रो चरणको कारवाहीका लागि कम्पनीको ५ करोड ४८ लाख १० हजार रुपैयाँको अर्को धरौटी जफत प्रक्रियामा रहेको र चैत मसान्तसम्म जफत गरिने उनले बताए। तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राईले सडक तथा नाला बनाउने कार्य शिलान्यास गरेका थिए। कलैया उपमहानगरपालिकाका नगर प्रमुख बिनोद साह मुआब्जाको विषय लगभग समाधान भइसकेको अवस्थामा ठेकेदार सम्पर्क विहीन भएका कारण काम अलपत्र परेको बताउँछन्।

# मिटरब्याज पीडितका पक्षमा छुः मुख्यमन्त्री



मधेशदृष्टि
जनकपुर, १५ चैत।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मिटरब्याजीबाट पीडितको आन्दोलनमा समर्थन रहेको बताएका छन्।

मुख्यमन्त्री यादवले विज्ञप्ति जारी गर्दै मिटरब्याजीबाट पीडितको हरेक पाइलामा समर्थन रहेको बताउँदै यो समस्या समाधानका लागि संयुक्तरुपमा लड्नुपर्ने बताए।

'गरिब झन् गरिब हुने, भएको सम्पत्तिसमेत स्वाहा हुने राष्ट्रिय समृद्धिको बाधक यो समस्याविरुद्ध संयुक्तरुपमा लड्न म मधेश प्रदेश सरकारको तर्फबाट सारा विद्वत वर्ग, चिन्तक, योजनाविद्, विज्ञलाई आव्हान गर्द्छु,' विज्ञप्तिमा उल्लेख गरिएको छ।

उनले मिटरब्याज मधेश प्रदेशको मात्र समस्या नभएको बताउँदै गरिबलाई झन गरिब बनाउने समस्याविरुद्ध संयुक्तरुपमा लड्न अपिलसमेत गरे। उनले मिटरब्याज पीडितको समस्या मधेश सरकारको पनि सरोकार र दायित्व भएको बताउँदै आन्दोलनलाई साथ दिइने बताए।

'ठूलो वेदना बोकेर काठमाडौं पुग्नुभएका मिटरब्याज पीडितको हरेक पाइलामा मधेश सरकारको साथ रहेको र आन्दोलनकारीको आँसुको हरेक थोपामा पनि सरोकार र दायित्व रहेको बताउदै मधेश सरकार जिम्मेवारीबाट भाग्न नसक्ने उनको भनाइ छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल